'अन्तर्राष्ट्रियस्तरमा महिला अधिकारका क्षेत्रमा भएका... पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक ४४ • २०८१ साल असार १८ गते मंगलबार (2 July, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

### संघीय गठबन्धन फेरिने सम्भावना

# ओलीलाई प्रधानमन्त्री बन्न कांग्रेसको औपचारिक प्रस्ताव, एमाले निर्णयको पर्खाइ

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय गठबन्धन फेरिने सम्भावना बढेको छ। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री बन्न प्रस्ताव गरेसँगै गठबन्धन फेरिने आधार खडा भएको छ।

एमालेका अध्यक्ष ओली र कांग्रेसका सभापति देउवा आफ्ना निकटका नेताहरुसित सरकार गठनको विषयमा छलफल थालिसकेका छन् । कांग्रेस र एमाले मिलेर सरकार बनाउने विषयमा दुवै दलका नेताहरुबीच केही समयदेखि अनौपचारिक छलफल चलिरहेको छ।



एमाले अध्यक्ष ओली निवासमा शनिबार कांग्रेस सभापति देउवा दम्पतीबीच भएको छलफलपछि राजनीति तरंगित बनेको छ। आइतबार र सोमबार प्रचण्ड र ओलीबीच सघन छलफल भएको छ । सरकार ढल्ने हल्ला निराधार रहेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का अध्यक्ष समेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले दाबी गरेका छन् । तर गठबन्धन धरापमा नरहेको विश्वास कसैलाई छैन ।

माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सत्ता गठबन्धनमा कुनै समस्या नरहेको दाबी गरेका छन्। उनी सोमबार बिहान ठूला समर्थक ओलीसित झण्डै ३ घण्टा लामो छलफलपछि दिउँसोको मन्त्रिपरिषद् बैठकमा गठबन्धन लामो समय नै चल्ने विश्वास मन्त्रीहरुलाई दिलाएका थिए।

सोमबार नै भएको कांग्रेस पदाधिकारीको बैठकमा सभापति देउवाले एमालेसितको वार्ता सकारात्मक रहेको 'बिफ्रिंग' गरेका थिए। त्यस बाहेक बैठकमा उनले खुल्न चाहेनन् । एमालेसितको सामिप्यता बढेको देउवाको कथन थियो।

देशको राजनीति अस्थिर रहेकोले गठबन्धन सरकारको भविष्यबारे ठोकुवा गर्न नसकिने वरिष्ठ पत्रकार किशोर नेपालले बताए । 'राजनीति अस्थिर भएको छ ' उनले भने, तर तत्कालै केही भइहाल्ने अवस्था पनि छैन ।

कांग्रेसले गरेको प्रस्तावलाई सोझै एमाले अध्यक्ष ओलीले स्वीकार गर्ने स्थिति नदेखिएको बताउँदै उनले भने, तर गठबन्धनको साँचौ नै ओलीसित रहेकाले कुनै बेला केही पनि हुन सक्छ।

सत्तागठबन्धन जोगाउन र ढाल्ने खेलमा कांग्रेस, एमाले र माओवादी पनि लागेको छ। प्रचण्डले एमालेसित गठबन्धन गरेपछि देउवा उनीप्रति विश्वास गर्ने नहुने हठ छाडेका छैनन्। तर प्रचण्डले आफ्ना विश्वासपात्र एकजना मन्त्रीमार्फत सरकार जोगाइदिन कांग्रेसलाई आग्रह गर्दै आलोपालोमा कायम रहने सन्देश पठाएको स्रोतहरुले जनाएका छन् ।

उच्चस्रोतहरुका अनुसार कांग्रेस र एमालेले संविधान संशोधन गर्ने बहुमत सहितको सरकार गठन गर्न लागेको छ । ओलीले विगतमा पनि संविधान संशोधन गर्न चाहेका थिए।

प्रतिनिधि सभामा सबै भन्दा ठूला दल रहेको नेपाली कांग्रेसको ८८ जना सांसद रहेका छन्। त्यसैगरि दोस्रो ठूलो दल नेकपा एमालेको ७८ जना सांसद रहेका छन् । प्रतिनिधि सभामा कुल २ सय ७५ जना सांसद छन्।

मधेश प्रदेश सरकार

## उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय

मधेश प्रदेश, जनकपुरधाम

## जनहितमा जारी सूचना

१. मधेश प्रदेशको स्वास्थ्य, सरसफाई, शिक्षा र पानीको उपयोग अवस्थामा सुधार गर्न विशेष क्षेत्र लक्षित गरी लगानी खाँका (Financial Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
२. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न हरित ग्याँसको खपतलाई कम गर्नको निम्ति मधेश प्रदेशभित्र वातावरणमैत्री विद्युतिय सावरी साधनको प्रयोगलाई बढाउने उद्देश्य राखी प्रदेशभित्रको पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्गमा क्रमिक रुपमा चार्जिगंस्टेशन स्थापना गरिने छ।
३. जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न "Ground Water Recharge to Discharge" अवधारणालाई नाराको रुपमा मूर्तरुप दिई भूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ। वर्षातको पानी संकलन तथा संरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ। भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ। भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य (Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ।
४. भू-जलस्तरमा भईरहेको ह्रासलाई भुमिगत पुर्नभरण (Ground Water Recharge) गर्न अध्ययन अनसुन्धान गरी सोको प्रतिवेदनको आधारमा व्यवस्थापन कार्यलाई प्राथिमकता साथ कार्यान्वयन गरिनेछ।
५. नदीनालाहरूबाट ढुङ्गा, गिट्टी, वालुवाको अव्यविस्थत र अत्यधिक दोहनलाई नीतिगत तवरबाट व्यविस्थत गरिनेछ र चुरे क्षेत्रमा जलाशय निर्माण तथा मर्मत संभार गरी माटो कटान कार्यलाई नियन्त्रण, पुनर्भरण र भुमिगत जलस्तर (Ground Water Level) लाई उठाउने कार्य गरिनेछ।
६. जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।
७. घरघरमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिइनेछ र "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२" कार्यान्वयन गरी जिल्ला स्थित डिभिजन, सब-डिभिजन खानेपानी कार्यालयहरूमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना र सुदृढीकरण गरिनेछ।
८. स्वच्छ खानेपानीको सुविधा पुर्याउन "निर्मल जल घर घर नलजल" खानेपानी योजनालाई स्थानीय सरकार र सरोकारवालाहरूको समन्वय र सहकार्यमा प्राथिमकता साथ संचालन गरिनेछ।
९. वातावरणीय सरसफाई एवम् स्वच्छता प्रवर्द्धन गर्न दिगो वातावरणीय सरसफाई कार्यक्रम अन्तर्गत जनचतेना अभिवृध्दि र सार्वजिनक शौचालय निर्माण र मर्मत संभार गरिनेछ।
१०. प्रदेश सरकारले आत्मसात गरेको "हाम्रो प्रदेश, उज्यालो प्रदेश" को नारालाई सार्थकता प्रदान गर्न बैकल्पिक उर्जालाई सार्वजिनक निजी साझेदारी नीति अन्तर्गत प्रवर्द्धन गरिनेछ।

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी




डेंगी रोग डेंगी भाईरसवाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कन सक्दछ ।

पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।





कोठा भित्र लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।



पूरै शरिर ढाक्ने लुगा लगाऔं ।

काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरु पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।



घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरूमा किटनाशक औषधि छर्कने गरौं ।





कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरू राम्ररी सफा गरौं ।



हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।


लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

सखुवानन्कारकट्टी गाउँपालिका
सखुवानन्कारकट्टी, सिरहा, मधेश प्रदेश

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।





थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू



उच्च ज्वरो आउनु



जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु



आँखाको गेडी दुख्नु



बेस्सरी टाउको दुख्नु



शरीरमा राता बिमिराहरु आउनु



वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।






घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।



( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

नरहा गाउँपालिका
नरहा, सिरहा , मधेश प्रदेश

# विश्वविद्यालयको अग्रसरता अपरिहार्य छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले युवा, विद्यार्थी विदेश जानुपर्ने कारण पत्ता लगाई उनीहरु स्वदेशमै बस्ने वातावरण निर्माणका लागि विश्वविद्यालयहरूको अग्रसरता अपरिहार्य भएको बताउनुभएको छ ।पूर्वाञ्चल विश्वविद्यालयसभाको ३९औँ बैठकलाई सोमबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले पछिल्लो समय विदेशिने युवा, विद्यार्थीको संख्या बर्सेनि बढ्दै गएकाले त्यसलाई रोक्नुपर्नेमा जोड दिनुभयो ।



"युवा, विद्यार्थी विदेश जानुपर्ने कारण पत्ता लगाई उनीहरु स्वदेशमै बस्ने वातावरण निर्माणका लागि विश्वविद्यालयहरूको अग्रसरता अपरिहार्य छ," प्रधानमन्त्री दाहालले भन्नुभयो, "अतः २१औँ शताब्दीका युवा, विद्यार्थीका चाहना, आवश्यकता र प्राथमिकता बुझेर सोही अनुसारका पाठ्यक्रम तयार गरी शैक्षिक कार्यक्रमहरू सञ्चालनको व्यवस्था मिलाउन निर्देशन दिन्छु ।"पाठ्यक्रममा आमूल परिवर्तन गरेर अध्ययनसँगसँगै उद्यम अथवा निर्वाहमुखी रोजगारीको व्यवस्थाका लागि विश्वविद्यालयहरूले विशेष भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्रधानमन्त्रीले वैकल्पिक साधन-स्रोतको खोजीका पनि ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिनुभयो ।

"अब विश्वविद्यालयहरूले सरकारको मुख ताकेर बस्ने होइन, हरेक क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि वैकल्पिक साधन-स्रोतका खोजीका लागि ध्यान केन्द्रित गर्नैपर्छ," प्रधानमन्त्रीले भन्नुभयो, "यस सन्दर्भमा सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहका सरकारसँगको सहकार्यमा आइपर्ने बाधा, कानुनी एवं नीतिगत समस्या समाधान गर्न सरकार प्रतिबद्ध छ ।" उहाँले ऐनको समयानुकूल परिमार्जनका लागि सरकारबाट आवश्यक सहयोग हुने बताउनुभयो ।

उच्चशिक्षामा विकासको गतिलाई व्यापक, व्यावहारिक र जीवनोपयोगी बनाउनुपर्ने सुझाव दिँदै प्रधानमन्त्री दाहालले जैविक विविधताको संरक्षण, जलवायु परिवर्तनको बढ्दो प्रभाव घटाउनका लागि सूक्ष्म खोज-अनुसन्धान, प्राकृतिक सम्पदा र परम्परागत ज्ञान-सीपको संरक्षणमा लाग्नुपर्ने बताउनुभयो । उहाँले पर्यटन प्रवर्द्धन र कृषिको आधुनिकीकरण तथा यान्त्रिकीकरणका माध्यमबाट प्रदेशका साथै समग्र देशको अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन सक्ने जनशक्ति उत्पादनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

खासगरी अलैँची, चिया, रूद्राक्ष, जडीबुटी, जुट, फलफूललगायत देशका मौलिक उत्पादनहरूका बारेमा सूक्ष्म शोध-अनुसन्धान गर्न विश्वविद्यालयलाई सुझाव दिँदै प्रधानमन्त्रीले स्वदेशी उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्मको पहुँच विस्तारमा विश्वविद्यालयले महत्वपूर्ण योगदान गर्नुपर्ने बताउनुभयो ।

गोठगाउँमा सुविधासम्पन्न अस्पतालका साथै मेडिकल कलेज सञ्चालन गरेर यस क्षेत्रका आम जनतालाई सर्वसुलभ रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताउँदै प्रधानमन्त्रीले त्यसका लागि आर्थिक स्रोतको सुनिश्चतताका साथै वैकल्पिक उपायहरूको खोजी गरेर चिकित्साशास्त्र अध्ययन प्रतिष्ठान सञ्चालनको प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो ।रासस

# नाबालिकालाई बलात्कार गर्ने आरोपी पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकामा एक जना पाँच वर्षीया नाबालिका बलात्कृत भएकी छिन् । वीरगञ्ज- १३ की एक पाँच वर्षीया नाबालिका बलात्कृत भएकी छन् ।


घरमा कोही नभएको मौका छोपी एक युवकले ती नाबालिकाको बलात्कार गरेको घटना बाहिरिएको छ । उनलाई ललाइफकाइ गरेर युवकले बलात्कार गरेको पर्सा प्रहरीले जनाएको छ । दिदीको डेरामा बस्दै आएका २५ वर्षीय युवकले तीन दिन अगाडि त्यही घरमा बस्ने पाँच वर्षीया नाबालिकाको बलात्कार गरेको स्रोतले जनाएको छ ।

कामको सिलसिलामा बाहिर रहेका बुवा घरमा आएपछि नाबालिकाकी आमाले घटनाबारे प्रहरीलाई जानकारी गराएको थियो । त्यसपछि मात्र बलात्कारको घटना उजागर भएको जनाइएको छ । पर्सा प्रहरीका प्रहरी उपरीक्षक कुमोध ढुंगेलले बलात्कार घटनाबारे सोमबार प्रहरीमा उजुरी आएको पुष्टि गरे । घटनाबारे अनुसन्धान भइरहेको र मुद्दा दर्ता प्रक्रियामा अगाडि बढिसकेको उनले बताए ।



यता घटनाबारे उजुरी परेलगत्तै आरोपित युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा आरोपित वीरगञ्ज-३१ का निरञ्जन मण्डल रहेको स्रोतले जनाएको छ ।

# विद्यालय भर्ना दर घट्दै



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका जिल्लाहरूमा पूर्व प्राथमिक कक्षा भर्ना भएका विद्यार्थीहरूको संख्या उच्च भए पनि कक्षामा विद्यार्थीको उपस्थिति भने घट्दो रहेको तथ्यांकले जनाएको छ ।

पूर्व प्राथमिक तहमा भर्नाका लागि ३ देखि ४ वर्षका बालबालिकाहरू आउने गरेका छन् । नेपालमा बालबालिका उमेर समूहका विद्यार्थीको भर्ना ९४.९ प्रतिशत रहे पनि मधेश प्रदेशमा भने ९९.४ प्रतिशत रहेको छ । यो उमेर समूहका विद्यार्थी भर्नामा मधेश प्रदेश अग्रस्थानमा छ । तथापि विद्यार्थीहरूको भर्ना दर घट्ने गरेको मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्रालयका निमित्त सचिव महेन्द्र महतोले बताए ।

विद्यार्थीहरू ठूलो भएपछि अभिभावकले अन्य काममा प्रयोग गर्ने भएका कारणले विद्यार्थीहरूको विद्यालय भर्ना हुने क्रममा कमी आउने गरेको छ । ४ वर्ष उमेर समूह माथि भर्ना हुने प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्रमा राष्ट्रिय स्तरमा विद्यालय भर्ना हुने प्रतिशत ७०.५ रहेको छ । मधेश प्रदेशमा ६८.२ प्रतिशत विद्यार्थी विद्यालयमा भर्ना हुने गरेको छ । यो भर्ना दर पनि सातै प्रदेश भन्दा मधेश प्रदेशमा न्यून रहेको तथ्यांकले देखाएको छ ।

त्यस्तै कक्षा १ मा भर्ना हुने मधेशमा ६२.५ प्रतिशत रहेको छ भने राष्ट्रिय स्तरमा भर्ना हुने प्रतिशत ७६.७३ प्रतिशत रहेको छ । कक्षा १ मा मधेश प्रदेशमा भर्ना हुने प्रतिशत पनि सातै प्रदेशमा सबैभन्दा न्यून रहेको छ ।

# विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुले वर्षायाम सुरु भएसँगै देशभर बाढीपहिरो, डुबान, चट्याङजस्ता प्राकृतिक विपद्का घटना बढीरहेको विषय उठाउनुहुँदै जोखिम न्यूनीकरण, राहत तथा उद्धार र क्षतिपूर्तिका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकमा सांसद दामोदर पौडेल बैरागीले वर्षायाम सुरु भएसँगै देशभरका विभिन्न स्थानमा बाढीपहिरो, डुबान, चट्याङजस्ता प्राकृतिक विपद्का घटना बढिरहेकाले त्यसको न्यूनीकरणका लागि संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । प्राकृतिक विपद्का समस्याबाट पीडित नागरिकलाई तत्काल राहत र क्षतिपूर्ति उपलब्ध गराउनसमेत उहाँले माग गर्नुभयो ।



सांसद दीपकबहादुर सिंहले बाढीपहिरो र डुबानले देशभर समस्या देखिएको उल्लेख गर्दै दैवी प्रकोप उद्धार र विपद् व्यवस्थापनसम्बन्धी निकाय जिम्मेवार भएर लाग्नुपर्ने बताउनुभयो । देशभर वर्षायाममा हुने विपद्जन्य घटनाबाट चार लाख १२ हजारभन्दा बढी परिवार प्रत्यक्ष प्रभावित हुने अनुमान गरिएकाले त्यसको व्यवस्थापन गर्न उहाँले सरकारसँग माग गर्नुभयो ।

सांसद विमला सुवेदीले विपद्मा परेकाहरुको राहत, उद्धार र क्षतिपूर्तिका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद प्रभु हजराले न्यून आर्थिक अवस्था भएको दलित समुदाय डुबान, बाढीपहिरोबाट बढी जोखिममा रहेको बताउनुभयो । सांसद नागिना यादवले सिरहा र सर्लाही जिल्ला डुबानको उच्च जोखिममा रहेकाले ती जिल्लामा विपद् व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद विन्दवासिनी कंसाकारले वर्षायाममा विषालु च्याउ खाएर धैरै व्यक्ति बिरामी हुने गरेको र अकालमा ज्यानसमेत गुमाउनु परेको विगतको अवस्था दोहोरिन नदिन विषालु च्याउ पहिचानसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनुपर्ने बताउनुभयो । यस वर्षमात्र विषालु च्याउ खाएर मकवानपुर जिल्लामा एक जनाको मृत्यु भएको र देशभर १६ जनाभन्दा बढी बिरामी भएको उहाँले जानकारी दिनुभयो । ।यस्तै, सोमबारको बैठकमा शून्य समयमा बोल्दै सांसद ठाकुरप्रसाद गैरेले प्रतिनिधिसभाको काम कारबाही प्रभावकारी हुन नसकेको बताउनुभयो । विधेयक अधिवेसन र बजेट अधिवेसन दुवै प्रभावकारी हुन नसकेको उहाँको भनाइ छ ।

सांसद तेजुलाल चौधरीले संसद्मा उठाइएका समस्या समाधानका लागि सरकारले प्रभावकारी कदम चाल्न नसकेको बताउनुभयो ।सांसद तारा लामा तामाङले सरकारले निर्माण व्यवसायीलाई दिनुपर्ने भुक्तानी नदिएका कारण समस्या उत्पन्न भएको बताउनुभयो । सरकारले निर्माण व्यवसायीको रकम भुक्तानी नदिँदा उनीहरुले बैंकको कर्जा तिर्न नसकेको र मानसिक समस्यासमेत खेप्नु परेको उहाँको भनाइ छ । सांसद दीपा शर्माले नेपाल मानव बेचबिखनको जोखिम उच्च रहेको मुलुकको सूचीमा रहेको उल्लेख गर्दै मानव बेचबिखनका घटना घट्न नदिन संसद्मार्फत् सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद दिलेन्द्रप्रसाद बडूले नेपाली युवा रुसी सेनामा भर्ती हुनेक्रम नरोकिएको उल्लेख गर्दै भर्ती भइसकेका नेपालीलाई स्वदेश फिर्ता गर्नका लागि सरकारले गरिरहेका कदमबारे संसदमार्फत् सरकारको जवाफ माग गर्नुभयो ।सांसद दुर्गा राईले मुलुकमा भष्ट्राचार बढेको र आर्थिक सुशासन कायम हुन नसकेको विषय संसद्मा उठाउनुभयो । भष्ट्राचार न्यूनीकरणका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।सांसद दुर्लभ थापा क्षेत्रीले अरनिको राजमार्गको भक्तपुर क्षेत्रमा विस्तारको काममा ढिलाइ भइरहेको र यसले यातायात व्यवस्थापनमा समस्या भएको बताउनुभयो ।

सांसद देवेन्द्र पौडेलले २०७२ सालको भूकम्पका कारण क्षतिग्रस्त घण्टाघर र त्रिचन्द्र क्याम्पस पुनःनिर्माण ढिलाइ भएको विषय संसद्मा उठाउनुभयो । भारतीय एक्जिम बैंकसँग त्रिचन्द्र क्याम्पससहित ३८ क्याम्पसका लागि ऋण सहयोग लिने सम्झौता भएकामा त्यसको कार्यान्वयन हुन नसकेको उहाँको भनाइ थियो ।सांसद निशा डाँगीले शिक्षा क्षेत्रमा सरकारले ठूलो रकम छुट्याउने गरेको भए पनि सरकारी विद्यालयको नतिजा कमजोर देखिएको बताउनुभयो । माध्यमिक शिक्षा परीक्षामा धैरै विद्यार्थी अनुत्तीर्ण हुनुमा को जिम्मेवार छ भन्ने प्रश्नको उत्तर खोजिनुपर्ने उहाँको भनाइ थियो ।

सांसद पूर्णबहादुर घर्तीमगरले रुकुमकोटको सभाहल निर्माणका लागि ठेक्का पाएको कम्पनीका लागि तीन पटक म्याद थप गरिए पनि अझै उक्त आयोजनाको काम अघि बढ्न नसकेको विषय संसद्मा उठाउनुभयो ।सांसद प्रतिमा गौतमले डेडिकेटेड ट्रङ्कलाइनको विवाद चाँडो सुल्झाइनुपर्ने र यस विषयमा सरकारले गठन गरेको गिरीशचन्द्रलाल नेतृत्वको सुझाव प्रतिवेदन कार्यान्वनको माग गर्नुभयो ।

सांसद प्रतिक्षा तिवारीले मधेश प्रदेशलाई आँप जोन घोषणा गर्न माग गर्नुभयो । छिमेकी मुलुकबाट आयातित आँपका कारण नेपालमा उत्पादित आँपले बजार पाउन नसकेकाले आयात रोक्नुपर्ने उहाँको भनाइ थियो ।सांसद प्रदीप पौडेलले सवारी साधनको स्मार्ट लाइसेन्स पाउन ढिलाइ भएको विषयमा संसदमार्फत् सरकारको ध्यानाकर्षण गराउनुभयो । स्मार्ट लाइसेन्स छाप्नका लागि प्रिन्टर र जनशक्ति थप्न तथा प्रदेशबाट पनि वितरण गर्ने व्यवस्था मिलाउन उहाँले माग गर्नुभयो ।रासस

# 'ठूला राजनीतिक दलका शीर्ष नेताबीच संवाद हुनु सकारात्मक'

काठमाण्डु । सत्तारुढ तथा प्रतिपक्षी राजनीतिक दलका सांसदहरुले ठूला राजनीतिक दलका शीर्ष नेताहरुबीच बैठक र संवाद हुनु सकारात्मक भएको बताउनुभएको छ ।



प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा बोल्दै नेपाली कांग्रेसका सांसद दिपक गिरीले पछिल्ला दिनमा ठूला दलका शीर्ष नेताबीचको सघन संवादले आशाको सञ्चार जगाएको बताउनुभयो । उहाँले राजनीतिक स्थायित्वका लागि राजनीतिक दलहरुबीच सहमति र सहकार्य आवश्यक रहेको खाँचो औँल्याउनुभयो ।सांसद गिरीले एइईमा आधाभन्दा बढी विद्यार्थी अनुत्तीर्ण हुनु राम्रो सङ्केत नभएको भन्दै खस्कँदो विद्यालय शिक्षा सुधार गर्दै बालबालिकालाई आधारभूत र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न माग गर्नुभयो । उहाँले दाङको टरीगाउँ विमानस्थलको धावनमार्ग विस्तार गर्न माग गर्नुभयो ।

नेकपा (माओवादी केन्द्र) का सांसद माधव सापकोटाले प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुबीच संवाद हुनु राम्रो कुरा भएको बताउनुभयो । ठूला नेताबीचको राजनीतिक तित्तताले मुलुकको समस्या समाधान हुन नसक्ने भन्दै उहाँले नेताहरुबीचको सहमति तथा सहकार्यले मुलुकको हित र आर्थिक समृद्धिको यात्रालाई अगाडि बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

"सत्तारुढ र प्रतिपक्षी दलका शीर्ष नेताहरुबीच बैठक र संवाद हुनु राम्रो कुरा हो", उहाँले भन्नुभयो,"जोडदारपूर्वक मुद्दा र अडान राख्ने, परिआउँदा फेरि एकताबद्ध भएर राष्ट्रका सङ्कटहरुलाई हल गर्ने संस्कार छ ।" सांसद सापकोटाले शान्तिप्रक्रियाका बाँकी कामलाई चाँडो निष्कर्षमा पुऱ्याउन सभामुखमार्फत सरकार र सरोकारवालाको ध्यानाकर्षण गराउनुभयो ।

नेकपा (एमाले) का सांसद लीलानाथ श्रेष्ठले 'बेल्ट एन्ड रोड इनिसिएटीभ' बिआरआई परियोजनालाई नेपालको राष्ट्रिय हित र विकासलाई मध्यनजर गरी कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिनुभयो।जलविद्युत,रेलमार्गलगायत महत्वपूर्ण परियोजनाले मुलुकको आर्थिक विकासमा महत्वपूर्ण टेवा पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । सांसद श्रेष्ठले नेपाल र भारत तथा नेपाल र चीनबीच भएका सम्झौताबारे व्यापक बहस चलिरहेकाले दुई देशबीच भएका ती सम्झौतालाई राष्ट्रिय सहमतिकासाथ कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिनुभयो ।रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको सेन्टर इन्जिनियरीङ्ग कलेज देखि दक्षिणपट्टीको Parking बाट मिति २०८१/३/१७ गते म.प्र. ०२-००७ प ३३२३ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DKXCMJ32747 चेचिस नम्बर MD2A13EX2MCJ98667 को बजाज कम्पनीको Pulser 220cc F ABS मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः दिपेन्द्र यादव**
**ठेगानाः सबैला न.पा.-१, धनुषा**
**मो. नं. ९८९८०९३५८४०२**

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# विद्युतीय सामग्री र 'ब्रेक सु'मा लुकाएर रु ३१ अर्ब बढीको सुन तस्करी

काठमाण्डु । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले विद्युतीय सामग्री र 'ब्रेक सु'मा लुकाएर रु ३१ अर्बभन्दा बढी रकम बराबरको सुन तस्करी भएको बताएको छ।

विस २०८० साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट 'ब्रेक सु'मा लुकाएर ल्याएको ६० किलो ७१६ ग्राम सुन तस्करीको अनुसन्धानका क्रममा विभिन्न पाँचवटा नक्कली कम्पनीमार्फत हालसम्म रु ३१ अर्ब ८२ करोड २२ लाख ९१ हजार २७२ मूल्य बराबरको सुन तस्करी भएको पाइएको प्रहरीले जनाएको छ।



सोमबार आयोजित पत्रकार सम्मेलनमा सिआईबीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) श्यामलाल ज्ञवालीले ६० किलोग्राम सुन तस्करीको अनुसन्धानका क्रममा थप २० जनालाई पक्राउ गरिएको जानकारी दिनुभयो ।"विभिन्न पाँचवटा नक्कली कम्पनीमार्फत इलेक्ट्रोनिक मालवस्तुमा लुकाई छिपाई दुई हजार ८३१ किलो ८९ ग्राम र ब्रेक सु मा लुकाएर ३६२ किलो ७७८ ग्राम सुन तस्करी भएको अनुसन्धानमा देखिएको छ", ब्यूरो प्रमुख ज्ञवालीले भन्नुभयो।

प्रहरीका अनुसार भुजेल इलेक्ट्रिक्स सप्लायर्स प्रालिमार्फत एक हजार ३०३ किलोग्राम ९६५ ग्राम, ह्वादा इलेक्ट्रिक सप्लायर्स प्रालिमार्फत ६३२ किलोग्राम ७९५ ग्राम, चुनगाक इलेक्ट्रिक सप्लायर्स प्रालिमार्फत ७१६ किलोग्राम ८३ ग्राम, दोलखा इलेक्ट्रिक सप्लायर्स प्रालि मार्फत १७० किलोग्राम आठ ग्राम र रेडी ट्रेड प्रालिमार्फत सात किलोग्राम पाँच ग्राम अवैध सुन नेपाल भित्रिएको थियो। ब्रेक सु मार्फत यसअघि ३६२ किलोग्राम ७७८ ग्राम अवैध सुन भित्रिएको थियो।

अवैध रुपमा भित्रिएका सुनको भुक्तानी प्रक्रियामा गतेसम्म पे वेल को वालेटमा रु ८६ अर्ब १७ करोड ११ लाख ५३ हजार २५३ कारोबार भएको र सजिलो पेको वालेटमार्फत २०७८ जेठदेखि २०८१ जेठसम्म रु ३६ अर्ब ९४ करोड ३५ लाख ७५ हजार २४७ कारोबार भएको

> सोमबार आयोजित पत्रकार सम्मेलनमा सिआईबीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) श्यामलाल ज्ञवालीले ६० किलोग्राम सुन तस्करीको अनुसन्धानका क्रममा थप २० जनालाई पक्राउ गरिएको जानकारी दिनुभयो ।

भने नेपालका दुईवटा पेमेन्ट गेटवेसमेत सङ्लग्न रहेको खुल्न आएको छ । 'पे वेल' नेपाल प्राइभेट लिमिटेड र सजिलो पेमेन्ट सर्भिस प्राइभेट लिमिटेडका खातामा बचत गरी एजेन्टमार्फत अवैध सुनको भुक्तानी भएको पत्रकार सम्मेलनमा जानकारी गराइयो ।विस २०८० वैशाख १२ गतेदेखि २०८१ जेठ २१ पाइएको छ ।

सिआईबीले उक्त प्रकरणमा 'पे वेल' नेपाल प्राइभेट लिमिटेड र सजिलो पेमेन्ट सर्भिस प्राइभेट लिमिटेडमा सङ्लग्न सञ्चालक समिति, कर्मचारी र एजेन्ट गरी आठ जनालाई पक्राउ समेत गरेको छ ।ब्रेक सुमा लुकाएर ल्याएको सुनको परिमाण ३६२ किलोग्राम ७७८ ग्राम रहेको देखिएको भन्दै सीआईबीले विस २०८० भदौ ३१ गते २९ जनाउपर अभियोगपत्र दायर गरेको थियो । उनीहरुबाट रु तीन अर्ब ५० करोड दुई लाख १६ हजार ५५२ रुपैयाँ मागदाबी गरिएको थियो।

सीआईबीले पक्राउ गरेका २९ जनामध्ये २४ जना अभियुक्तहरू हाल पुर्पक्षका लागि थुनामा छन्। यस्तै, सोही सुन प्रकरणमा दोस्रो चरणमा २० जनालाई पक्राउ गरेको छ।वैशाखबाट शुरु गरिएको दोस्रो चरणको अनुसन्धानमा १४ नेपाली, दुई चिनियाँ र चार भारतीय नागरिक पक्राउ परेका छन्। पक्राउ परेका भारतीय नागरिकमा बैजनाथ महादत्त गोयल, सिद्धनाथ अशोक गायकवाड, धिरज दिनेश भोइटे र प्रशान्त गणेश बजबलकर रहेका छन् । यस्तै चिनियाँ नागरिकमा सोनाम गुरुङ भन्ने सराव ग्याल्मो र जेन्गा जाग्सी रहेका छन्।

पक्राउ पर्ने नेपालीमा पर्सा वीरगन्ज-११ का सुरेन्द्रमान श्रेष्ठ, भक्तपुर सूर्यविनायक-५ का राजु खत्री, मध्यपुर-१५ का सुशील जाकिबन्जा, काभ्रेपलाञ्चोक तेमाल-४ का कान्छा लामा, नमोबुद्ध-१० का भीमप्रसाद तिमल्सिना, भुम्लु-१ का रूपक भण्डारी, काठमाडौं महानगर-७ का प्रज्ज्वल आचार्य, काठमाडौं सुविधानगरका सुरजशमशेर जबरा, बाफलका कश्यप मानन्धर, गुल्मी सत्यवती-१ का लालबहादुर कुँवर, बारा जितपुर-१९ का अरुणकुमार यादव छन् ।पक्राउ परेकाविरुद्ध सङ्गठित अपराध, सुनको चोरीपैठारी र केहीलाई बैंकिङ कसुरमा मुद्दा चलाउन सरकारी वकिल कार्यालयमा पठाउने तयारी भइरहेको सिआईबीका प्रवक्ता, प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिनुभयो।रासस

# छानबिन गर्न शक्तिशाली आयोग गठनको तयारी हुँदैछ : गृहमन्त्री

काठमाण्डु । उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि छामिछानेले सरकारले भष्ट्राचारका विभिन्न ठूला काण्डको छानबिन गर्न शक्तिशाली आयोग गठनको तयारी गरिरहेको बताउनुभएको छ।



प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै गृहमन्त्री लामिछानेले भष्ट्राचारका विभिन्न २५ वटा काण्ड पहिचान गरी छानबिन गर्न शक्तिशाली आयोग गठनको तयारी भइरहेको जानकारी दिनुभयो । "मेरो र उसको नभनिकन सबैका पालामा चर्चामा आएका प्रत्येक प्रकरणको छानबिनका लागि राजनीतिक नेतृत्व तयार हुने र अख्तियार प्राप्त निकायले राजनीतिक स्वार्थ प्रेरित नभइ निष्पक्ष रुपमा अनुसन्धान तथा अभियोजन गर्ने हो भने भष्ट्राचार न्यूनीकरण र नियन्त्रण सम्भव छ", उहाँले भन्नुभयो, "भष्ट्राचारका घटनामा समेत राजनीतिक दाउपेच हुने विद्यमान प्रवृत्ति सच्याउन जरुरी छ। कुनै पनि कालखण्डमा भएका काण्डमध्ये २५ काण्ड छानबिन गर्न शक्तिशाली आयोग गठन गर्ने तयारी भइरहेको छ।"

भष्ट्राचार नियन्त्रण गर्न आफू र सरकार इमानदाररुपमा प्रयासरत रहेको उल्लेख गर्दै गृहमन्त्री लामिछानेले सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत् भष्ट्राचार निवारणका लागि नतिजामुखी प्रयास थालेको बताउनुभयो । सरकारमा रहेका दलहरुको न्यूनतम साझा सङ्कल्पमा पनि भष्ट्राचार निवारणका लागि कदम चाल्ने उल्लेख छ।

"सरकारले न्यूनतम साझा सङ्कल्पमा भष्ट्राचार र अख्तियारको दुरुपयोगसँग जोडिएका विषयमा कुनै पनि कालखण्डमा भएका भष्ट्राचारको छानबिन गर्ने भनेको छ। भष्ट्राचारी एकदिन कानुनी कठघरामा आउँछन् भन्ने स्थापित गर्न जरुरी भइसकेको छ", उहाँले भन्नुभयो, "कुनै एक पक्षले मात्र सक्रियताका साथ काम गर्दैमा भष्ट्राचार नियन्त्रण हुँदैन।"

पर्याप्त कानुनी आधार, क्षेत्राधिकार र स्रोत साधनसहित भएका संरचनाको स्तरोन्नति आवश्यक भएको गृहमन्त्री लामिछानेले बताउनुभयो । भष्ट्राचार नियन्त्रणका लागि संवैधानिक आयोग र मजबुद संस्थागत संरचना रहेका भए पनि विभिन्न अड्चनले ती निकायबाट आशातित प्रतिफल प्राप्त गर्न नसकेको जनगुनासो कायमै रहेको उहाँको भनाइ थियो । सम्पत्तिको सीमाङ्कनसम्बन्धी कानुन निर्माणका लागि सरकार सकारात्मक रहेको उहाँले बताउनुभयो।

प्रतिनिधिसभाको सोमबारको बैठकमा पञ्चायतकालदेखि हालसम्म कस-कसकाविरुद्ध भष्ट्राचारका मुद्दा दायर भएका छन ? भनेर सांसद प्रेम सुवालले प्रश्न गर्नुभएको थियो । सांसद विद्या भट्टराईले गृहमन्त्री लामिछानेलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सरकारले कसरी काम गरिरहेको छ भनेर प्रश्न गर्नुभएको थियो । जवाफमा गृहमन्त्री लामिछानेले विपद् प्रभावित घरपरिवारलाई अस्थायी आवास अनुदान कार्यविधि, २०८१ तर्जुमा भई सहमतिका लागि अर्थमन्त्रालयमा पठाइएको बताउनुभयो । प्रक्रियागत ढिलासुस्तीको मारमा सदन, सरकार र सिङ्गो समाज भएको उहाँले बताउनुभयो।

"प्रक्रियागत ढिलासुस्तीका कारण आम नागरिकले सहज रुपमा सेवा पाएका छैनन् । यो कुरा मैले यो सदनमा स्वीकार गनैपर्दछ", गृहमन्त्री लामिछानेले भन्नुभयो, "तर अब त्यस्तो अवस्था नआओस् भन्नका लागि एउटा विधि बनाउन आवश्यक छ। हामीले नीति बनाएर भविष्यमा हुने कुनै पनि विपद् लाई सम्बोधन गर्नुपर्छ।"सांसद प्रदीप पौडेलले गृहमन्त्री लामिछानेको राहदानीको विषय र विभिन्न सहकारीको रकम हिनामिनामा भइरहेको छानबिनबारे प्रश्न गर्नुभएको थियो। यसको जवाफ दिनुहुँदै गृहमन्त्री लामिछानेले अदालतमा विचाराधिन रहेकाले यी विषयमा आफू बोल्न उपयुक्त नहुने बताउनुभयो।रासस

## एकीकृत समाजवादीको महाधिवेशनका लागि १३ सदस्यीय अध्यक्षमण्डल

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले दशौं राष्ट्रिय महाधिवेशन सम्पन्न गर्न पार्टीका सम्मानित नेता झलनाथ खनालको अध्यक्षतामा १३ सदस्यीय अध्यक्षमण्डल गठन गरेको छ।


पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा सोमबार बसेको महाधिवेशनको बन्दसत्रले अध्यक्ष मण्डल गठन गरेको हो। अध्यक्षमण्डलमा डा वेदुराम भुसाल, राजेन्द्रप्रसाद पाण्डे, घनेन्द्र बस्नेत, प्रमेश हमाल, केशवलाल श्रेष्ठ, धर्मनाथ साह, जयन्ती राई, रामचन्द्र झा, नागेन्द्र चौधरी, सावित्रा भुसाल, महबुज आलम र गणेश विक सदस्य रहनुभएको छ। बन्दसत्रले पार्टीका उपमहासचिव प्रकाश ज्वाला संयोजक रहनुभएको तीन सदस्यीय माइन्युट लेखन कमिटी गठन गरेको छ। समितिका सदस्यमा डा गङ्गालाल तुलाधर र डा विजयकुमार पौडेल रहनुभएको छ।

यसैगरी बन्दसत्रले उपमहासचिव जगन्नाथ खतिवडा संयोजक तथा सदस्य राजेन्द्र राई, रामकुमारी झाँक्री, धर्मनाथ साह, जीवनराम श्रेष्ठ, हरि पराजुली, देवसिंह महता, भविश्वर पराजुली, यादव रायमाझी, अनारकली मियाँ, अब्दुल हुसेन खाँन, सरिता खड्का र नवराज श्रेष्ठ रहेको बहस नोट कमिटी गठन गरेको छ ।त्यस अवसरमा अध्यक्ष नेपालले महाधिवेशन सम्पन्न गर्नका लागि अध्यक्ष मण्डलका अध्यक्ष खनाललाई टोपी र झोला प्रदान गरी जिम्मेवारी हस्तान्तरण गर्नुभयो। अध्यक्ष मण्डलले सम्पूर्ण महाधिवेशन सञ्चालन गर्न विभिन्न संयन्त्र बनाउने तथा विधान र प्रतिवेदनमाथि छलफलबाट सुझाव लिई दस्तावेज बनाएर पारित गर्ने जिम्मेवारी रहेको छ।

सो अवसरमा पूर्वप्रधानमन्त्री नेपालले कम्युनिष्ट आन्दोलनमा विशिष्ट योगदान पुऱ्याउने पुराना कम्युनिष्ट नेताहरु सिद्धिलाल सिंह, कमल कोइराला, मोदनाथ प्रश्रित, शम्भु शाह, रामऔतार पासवान, हुन्छेबहादुर ढुकुचु, नारायणप्रसाद वैद्य, शीतल झा, विजयलाल श्रेष्ठलगायतलाई सम्मान गरियो। एक हजार आठ सयभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको उक्त महाधिवेशन यही असार २० गतेसम्म सञ्चालन हुने महासचिव डा घनश्याम भुसालले जानकारी दिनुभयो।रासस

## 'अन्तर्राष्ट्रियस्तरमा महिला अधिकारका क्षेत्रमा भएका राम्रा प्रयासको अनुशरण गर्नुपर्छ'

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले महिला अधिकारका क्षेत्रमा भएका राम्रा प्रयास अनुशरण गरी नेपालमा पनि प्रभावकारी काम गर्न आग्रह गर्नुभएको छ।



महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महिलाविरुद्धको विभेद उन्मूलन कमिटी (सिड) को सदस्यमा निर्वाचित नेपालकी बन्दना राणालाई बधाई दिन सोमबार मन्त्रालयमा आयोजित कार्यक्रममा उहाँले अन्तर्राष्ट्रिय रूपमा भएका राम्रा प्रयासबाट सिक्दै नेपालमा सकारात्मक प्रभाव पार्ने गरी काम गर्न आग्रह गर्नुभएको हो।

मन्त्री चौधरीले महिला अधिकारका क्षेत्रमा सबै मिलेर काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। "महिला अधिकारका पक्षमा नेपालमा धेरै राम्रा प्रयासहरू भएका छन् तर अझै पनि हामीले थुप्रै काम गर्न बाँकी छन् । त्यसका निम्ति सबैको एकीकृत प्रयत्न हुन जरुरी छ", उहाँले भन्नुभयो, "तपाईंले अन्तर्राष्ट्रिय रूपमा नेपालका तर्फबाट राम्रो काम गरिरहनुभएको छ । अन्तर्राष्ट्रिय रूपमा भएका राम्रा प्रयासबाट सिक्दै नेपालमा सकारात्मक प्रभाव पार्ने गरी काम गर्न अनुरोध गर्दछु।"

मन्त्री चौधरीले महिला अधिकार संरक्षणका लागि नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी भित्र्याउन भूमिका खेल्नसमेत आग्रह गर्नुभयो। "महिलाका क्षेत्रमा थुप्रै उपलब्धि हासिल गरेका छौं, संविधान, ऐन, कानुनले गरेका व्यवस्था कार्यान्वयन गर्न बाँकी छ। थप काम गर्नका लागि आर्थिक व्यवस्थापन पनि महत्वपूर्ण हुन आउँछ, त्यसैले यहाँहरुले महिला अधिकार संरक्षणका लागि लगानी भित्र्याउन पनि भूमिका खेल्नुपर्छ", उहाँले भन्नुभयो । मन्त्री चौधरीले अन्तर्राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने दोस्रो तहका महिला नेतृत्व उत्पादन गर्नेतिर लाग्न राणालाई आग्रह गर्नुभयो।

सिड कमिटी सदस्य राणाले लैङ्गिक समानताका लागि विद्यमान गलत मानसिकता सबैभन्दा ठूलो अड्चन रहेको बताउनुभयो । अझै पनि महिलालाई विभिन्न उपमा दिएर कमजोर बनाउने प्रवृत्ति रहेको भन्दै त्यसलाई चिर्न आवश्यक रहेको उहाँको भनाइ थियो । नेपालका तर्फबाट आफू सिड कमिटी सदस्यमा तेस्रो कार्यकालका लागि निर्वाचित भएकाले यसपटक आफूले अध्यक्ष पदका लागिसमेत तयारी गरेको जानकारी दिनुभयो।

मन्त्रालयका सचिव दिनेश भट्टराईले मन्त्रालयअन्तर्गतका विभाग र महिला विकास कार्यालय खारेज हुँदा कार्यक्रम सम्पादन गर्न प्रदेश तथा स्थानीय तहमा निर्भर हुनुपरेकाले थुप्रै कठिनाइ झेल्नुपरेको गुनासो गर्नुभयो । अमेरिकाको न्यूयोर्कमा भएको मतदानमा राणा एक सय ४६ मत प्राप्त गर्दै तेस्रोपटक विजयी हुनुभएको हो।रासस


आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं।

विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरूक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस ।





टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)




मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास कार्यालय सप्तरी
राजविराज, नेपाल

**पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश**

सडक हामी सबैको साझा सम्पति हो। यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ। सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो। मधेश प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ। तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ।

**त्यसैले**ः

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालन गरौं।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्वस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं।
- सडकको दायाँ-वायाँ रुख विरुवा रोपौं।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं।
- निर्माण सामग्री बोक्ने ट्र्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं।
- सडकको दायाँ-वायाँमा क्षति हुने कुनै पनि काम नगरौं।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बजेट पुनर्लेखन गलत सुरुवात

मधेश प्रदेश सरकारले प्रदेश सभामा बजेट प्रस्तुत गरी रातो किताब समेत सार्वजनिक गरिसकेको अवस्थामा बजेट पुनर्लेखन गर्ने विषय सरकारबाटै आएको छ। संसदमा प्रस्तुत भइसकेको बजेटमा विपक्षीहरुले १ रुपैयाँ घटाउन गर्ने प्रस्ताव समेत सत्तापक्षले स्वीकार गर्दैनन् । सत्तापक्षले अस्वीकार गरी विपक्षी र सत्तापक्ष समेतका सांसदहरुले राख्ने संशोधन प्रस्तावहरुलाई फिर्ता गराउने अथवा बहुमतले अस्वीकृत गराउछन् । बजेटमा संशोधन भनेको सरकारको लचारी हो । सरकारले निरीहता देखाउनु हुँदैन । बजेटमा व्यापक त्रुटि भएको छ। त्यो मुख्यमन्त्री र अर्थमन्त्रीले नै सार्वजनिक रुपमा स्वीकार गरिसकेका छन् । बजेटमा योजनाहरु प्रविष्ट गर्दा सरकारले नबुझेकाहरु पनि धेरै परेका छन् । ४३ अर्बको बजेटमा ३ अर्बको योजनाको विषयमा सरकारका मन्त्रीहरु अनभिज्ञ रहेको बताउँछन् । यी सबै विषयहरु होलान् । सरकारले अनधिकृत रुपमा मन्त्रालयबाट योजनाहरु समावेश गरिएको र त्यसका लागि बजेट पनि विनियोजन गरिएको बताउँदै आएको छ । तर बजेट सार्वजनिक भएको १७ दिन बितिसक्दा पनि छानबिनको काम सरकारले थालेको छैन । मधेश प्रदेश सरकारको सिस्टम नै ह्याक गरी बजेटमा अनधिकृत रुपमा योजना र रकम विनियोजन गर्नेमा कर्मचारीहरु दोषी रहेको सरकारले सार्वजनिक रुपमा नै भनिरहेको छ। तर सरकारले त्यस्ता कर्मचारीहरुलाई कारबाही गर्न छानबिन समिति गठन गर्न आवश्यक छ । मौखिक रुपमा कर्मचारीलाई दोष देखाएर लोकतान्त्रिक पद्धतिमा कतै नभएको नजिर मधेश प्रदेशमा बसाउने खराब काम सरकारले गर्न हुँदैन । विपक्षी दलहरुले बजेट पुनर्लेखनका लागि सरकारलाई ज्ञापन पत्र बुझाएका छन् । सरकारले बजेट पुनर्लेखन गर्ने बताइरहेकै बेला विपक्षीले पनि ज्ञापन पत्र बुझाएर सहज बनाइए दिएको छ। विपक्षीहरुले बुझाएको ज्ञापनमा बजेट ह्याक गरी अनधिकृत रुपमा प्रवेश गरिएको विषयको पहिलो नम्बरमै छानबिन हुनुपर्ने माग गरेका छन् । दोस्रोमा समानुपातिक बजेट हुनुपर्ने र त्यसका लागि बजेट पुनर्लेखन गर्नुपर्ने माग विपक्षीहरुले राखेका छन् । तर सरकार स्वयं विपक्षीहरुको जालमा फस्दै गएको छ । प्रदेश सभाको बैठक २१ गते बोलाइएको छ । त्यस अघि संसद बैठक बस्ने छैन । मुख्यमन्त्रीले पहिले विश्वासको मत लिने र त्यसपछि बजेटमाथिको छलफल प्रारम्भ हुने सम्भावना छ। मुख्यमन्त्रीले असार २८ गते भित्र विश्वासको मत लिनुपर्ने बाध्यात्मक व्यवस्था छ । सरकारले विश्वासको मत लिएपछि प्रदेश सभामा सार्वजनिक भएको बजेटमाथि छलफल गराउने अथवा पुनर्लेखन गरिएको बजेट 'इन्डोर्स' गराउने निश्चित भइसकेको छैन । तर बजटे पुनर्लेखन गर्ने गलत नजिर बसाउने भन्दा यसै बजेटलाई असोजमा पुरक बजेट ल्याएर काम अगाडि बढाउन सक्ने उपाय उपयुक्त होला ।

# सिर्सिया नदीको पुकार: कारबाहीको आह्वान



आकाश चौहान

विगत केही दशकदेखि सिर्सिया नदी मद्दतको लागि पुकार गरिरहेको छ, प्रदूषण र उपेक्षाबाट पिडित हुँदै। एक पटक यो नदी शहरको आवश्यकताहरू र उत्सवहरूको लागि सदैव त्यहाँ हुने थियो, अब यसले सोध्छ किन यसलाई छोडिएको छ। नेपालका घना रांबन जंगलका पठलहिया डाँडाबाट उत्पन्न, सिर्सिया नदी बार र पर्सा जिल्लाहरू हुँदै बग्छ, रक्सौलमा भारत प्रवेश गर्छ, र अन्ततः बुढी गण्डक (सिकरहना)सँग सुगौली, पूर्वी चम्पारण जिल्लामा मिल्छ। नदीको यात्रा नेपालमा १५ किमी र भारतमा २० किमी फैलिएको छ, **अन्तत**ः पवित्र गंगा नदीमा विलय हुन्छ।

ऐतिहासिक महत्त्व र वर्तमान अवस्थाको संकट

ऐतिहासिक रूपमा, सिर्सिया नदीको पानी, रांबन जंगलका खनिज र जडिबुटीहरूले भरिएको, पेटका रोग र घाउहरू निको पार्न विश्वास गरिन्थ्यो। बिरगंज शहर यसका किनारमा विकास भयो, कृषि, स्नान, घरेलु प्रयोग, र सांस्कृतिक अभ्यासहरूको लागि यसको पानीमा निर्भर हुँदै। यद्यपि, नदी अहिले गम्भीर रूपमा प्रदूषित छ, जसका कारण तरकारी खेती रोकिएको छ र जलीय जीवन हराएको छ।

प्रदूषणलाई छाल प्रशोधन, डिस्टिलरी, कपडा, घ्यू, र साबुन निर्माण जस्ता विभिन्न उद्योगहरूको फोहोर र रसायनहरूसँग जोडिएको छ। आर्सेनिक, फ्लोराइड, र मरकरी जस्ता खतरनाक रसायनहरू नदीमा फालिन्छ, जसले जापानको मिनामाटा रोग जस्तै गम्भीर स्वास्थ्य जोखिमहरू निम्त्याउँछ। यूनिसेफका अनुसार, हरेक दिन पानी सम्बन्धी रोगहरूबाट करिब ४,००० मानिसहरू मर्छन्, जसमा पाँच वर्षभन्दा कम उमेरका १,००० भन्दा बढी बालबालिकाहरूको मृत्यु हुन्छ।

**स्थानीय समुदाय र वातावरणमा प्रभाव**

सिर्सिया नदीको कोर्समा रहेका गाउँहरू जस्तै सिमरा, बकुलिया, लोहुसन्डा, र अन्य धेरै प्रदूषणबाट ठूलो असर पाएका छन्। ढल र औद्योगिक फोहोरको उचित व्यवस्थापनको अभावले स्थिति झनै खराब बनाएको छ, नदीको प्रवाह र मोटाई कम गर्दै। बि.आर.ए. बिहार विश्वविद्यालयको जूलोजी विभाग र नेपालको टी.यू. वातावरण विभागद्वारा गरिएको अनुसन्धानले नदीको पानीको गुणस्तर निकै खराब भएको देखाएको छ, जलीय जीवन नभएको र एनईपीबायोस स्कोर अनुसार अस्वस्थ वर्ग क्ष-क्ष्क्ष कोटीमा पर्ने।

**सांस्कृतिक र धार्मिक महत्त्व**

धार्मिक रूपमा हिन्दू बाहुल्य क्षेत्रमा, सिर्सिया नदी धार्मिक र सांस्कृतिक महत्त्व राख्थ्यो, विशेष गरी छठ पर्वका लागि। यद्यपि, प्रदूषणले नदीलाई यसको पवित्रताबाट वञ्चित गरिदिएको छ, जसले गर्दा मानिसहरूले आफ्नो परम्पराहरूसँग जोडिन र उत्सव मनाउन सकेका छैनन्। बिरगंजमा धेरै हिन्दू संगठनहरूको उपस्थिति भए तापनि, कुनै पनि संगठनले नदीको संकटलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सकेको छैन।

**कानुनी उपाय र कार्यान्वयन**

नेपालका कानुनहरू, जस्तै फौजदारी संहिता २०१७ को धारा १११, जल प्रदूषणका लागि कडा सजायहरू लगाउँछ। अपराधीहरूलाई पानीका स्रोतहरू प्रदूषित गरेको वा वातावरणमा प्रतिकूल असर पारेको आरोपमा जेल सजाय र जरिवाना लगाइन्छ। यी कानुनहरू भए तापनि, कार्यान्वयन अभाव छ, र नदीको नजिक कारखाना, घर, र पसलहरूको लागि उचित वातावरणीय प्रभाव मूल्यांकन (भ्क्ष्ब) गरिँदैन।

**वैश्विक र धार्मिक दृष्टिकोणहरूमा वातावरणीय संरक्षण**

विभिन्न धार्मिक शिक्षाहरूले वातावरणीय संरक्षणको महत्त्वलाई जोड दिन्छन्। उदाहरणका लागिः

इसाई धर्मले परमेश्वरको सृष्टिको जिम्मेवार व्यवस्थापनको वकालत गर्दछ । इस्लामले मानिसहरूलाई पृथ्वीको संरक्षकको रूपमा सिकाउँछ, सन्तुलन र मितव्ययिता जोड दिन्छ।

हिन्दू धर्मले प्रकृतिलाई पवित्र मान्छ, सबै जीवहरूमा अहिंसा (अहिंसा) प्रवर्द्धन गर्दछ।बौद्ध धर्मले सबै जीवनको आपसी सम्बन्धलाई हाइलाइट गर्दछ, वातावरणप्रतिको सम्मानलाई प्रवर्द्धन गर्दछ।

यहूदी धर्मले संसारको मर्मत (तिक्कुन ओलाम) र अनावश्यक विनाश (बाल ताश्चित) निषेध गर्न प्रोत्साहित गर्दछ ।स्वदेशी धर्महरूले प्रकृतिसँग सामञ्जस्यमा बाँच्न र यसको आध्यात्मिक सन्तुलन कायम राख्न जोड दिन्छन् ।सिख धर्मले सृष्टिको एकतालाई प्रवर्द्धन गर्दछ र वातावरणीय हानि कम गर्न सरल जीवनको वकालत गर्दछ ।

**निष्कर्ष: सिर्सिया नदीलाई बचाउन आह्वान**

सिर्सिया नदीको स्थिति चेतावनीको घण्टी हो। विश्वव्यापी रूपमा ०.३७% मात्र ताजा पानी उपलब्ध रहेको अवस्थामा, यो अमूल्य स्रोतको सुरक्षा अत्यावश्यक छ। सिर्सिया नदीलाई पुनर्स्थापना गर्न, धार्मिक र सांस्कृतिक मूल्यहरूलाई कायम राख्न, र भविष्यका पुस्ताहरूका लागि स्वस्थ वातावरण सुनिश्चित गर्न सामूहिक कार्य आवश्यक छ। वातावरण बचाऔं, पानी बचाऔं ।



# ऊर्जामा भारतीय लगानीकर्ता खोज्ने बेला भएको छैन

**ज्ञानेन्द्रलाल प्रधान**

नेपाल जलस्रोतको दोस्रो धनी राष्ट्रका नाताले ऊर्जाको महत्त्व र सम्भावना पनि उत्तिकै छ । भौगोलिक रूपमा पनि हामी अन्य मुलुकभन्दा जलविद्युत् आयोजना निर्माण गरेर ठुलो लाभ लिन सक्ने अवस्थामा छौँ । किनकि, हाम्रा नदीहरू उत्तरदेखि दक्षिण र नदी प्रवाहमा आधारित छन् । बाह्रै महिना बिजुली उत्पादन गर्न सकिने अवस्था छ । ऊर्जालाई मात्र प्राथमिकतामा राखेर ठूला क्षमताका जलविद्युत् आयोजना निर्माणमा जोड दिन सकेमा हामीले आर्थिक समृद्धि हासिल गर्न सक्छौँ । स्वदेशमा खपत भएर बचत बिजुली भारत र बंगलादेशजस्ता मुलुकमा बेच्न सक्छौँ ।

अहिले नै भारतमा रातको १२ बजे लोडसेडिङ हुन्छ । भारतमा बिजुली प्रतियुनिट १० रुपैयाँ भारु पुगेको छ । बिहान र बेलुका बिजुली हुँदैन । दिउँसोका समयमा सोलारका कारणले बिजुलीको मूल्य २ रुपैयाँ भारु प्रतियुनिट पुगेको छ । पहिले भारतीयहरू नेपालमा बिद्युत्लाई होइन, जल र बाढी नियन्त्रणकालाई आएको भनिन्थ्यो । जुन, कुरा तथ्यमै आधारित थियो । अहिले पनि भारतीयहरू जल, बाढी नियन्त्रण र ग्लोबल वामिङको असर न्यूनीकरण गर्न र कोप-२८ ले सन २०३५ सम्ममा कार्बनमोनो अक्साइड आधा हटाउन भनेको छ। त्यसका लागि भारतलाई पनि जलविद्युत् र पानी चाहिएको छ ।

यसपाली नयाँ दिल्लीमा तापक्रम ५४/५५ डिग्री पुग्दा पानीको चरम अभाव छ । त्यो पानी भनेको महाकालीको पानी हो । उसले अन्यत्रमा पानी लैजान सक्दैन । भारतलाई पानी विद्युत् उत्पादनका लागि मात्र होइन, बाढी नियन्त्रण र जल उपयोगकै रूपमा पनि आवश्यक छ । त्यस कारण, त्यसको लाभ नेपालले लिनुपर्ने मौका आएको छ ।

सरकारले लिएको लक्ष्य पूरा गर्न कम्तीमा वर्षमा २५०० मेगावाट विद्युत् उत्पादन हुनुपर्छ । आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटमा सरकारले ७०० मेगावाटको लक्ष्य राख्ने अनि कसरी लक्ष्यअनुसार विद्युत् उत्पादन हुन सक्छ ? यस्तो किसिमले लक्ष्य पूरा हुँदैन । अहिलेकै गतिमा गयो भने त्यो अवधिसम्म १० हजार मेगावाट बिजुली उत्पादन हुने देखिन्छ । हामीले निर्यात गर्ने बिजुली पनि त्यति हुँदैन । नेपालले आफ्नो आन्तरिक खपत पनि बढाउनुपर्ने आवश्यकता छ । जस्तो- कि ग्यासलाई प्रतिस्थापन गर्नुपर्ने आवश्यकता छ। विद्युतीय शवदाह गृह निर्माण गर्ने र औद्योगिक क्षेत्रमा अहिले पनि ३५ प्रतिशत बिजुली अपुग छ। फर्पिङ जलविद्युत् आयोजनापश्चात् नेपालमा सुरु भएको विद्युत् उत्पादन अहिलेसम्म एक शताब्दी नाघ्यो ।

विगतमा हामीले बत्तीबाहेक बिजुलीको अन्य स्रोत थिएन । न हामीसँग विद्युतीय रेल थियो, उद्योगहरु त्यति थिएनन् । न विद्युतीय कुकिङ नै थियो । आज देशमा खाद्यान्न पछि सबैभन्दा ठुलो खर्च ऊर्जा र इन्धनमा भइरहेको छ । पानी पनि नभई नहुने, बाढी नियन्त्रण गर्नुपर्ने र बिहान बेलुका पिक पावरका रूपमा पनि बिजुली चाहिने अवस्था छ। अब जलविद्युत् तथा ऊर्जा क्षेत्रले फड्को मार्नुपर्ने बेला आएको छ। विगतमै हामीले कर्णाली चिसापानी आयोजना बनाउने कोसिस गरेको होइन । त्यो बेलामा त्यति पैसा भारतसँग पनि थिएन नि । अहिले भारतीय कम्पनीलाई दिन्छु भन्ने हो भने, एक हप्तामै भारतीय कम्पनी कर्णाली चिसापानी बनाउँछौँ भन्दै आउँछन् ।

पश्चिम सेती भारतीय कम्पनीले लिइसक्यो । २ वर्षमा डीपीआर गरिसक्ने जनाएको कम्पनीले एनएचपीसीले डेढ वर्षमा डीपीआर बनाएर बुझायो । त्यो त हाम्रा लागि राम्रो सूचक हो नि । विगतको समय र अहिलेको समय धेरै फरक छ । विगतको दश वर्षमा निजी क्षेत्र ऊर्जामा निकै ठूलो उत्साह बोकेर अघि बढेको हो । जसमा सरकारको 'पोलिसी' को ठुलो भूमिका छ ।

शैलजा आचार्यले जलविद्युत् आयोजना निर्माण र नीतिगत व्यवस्था नखोलिदिएको भए अहिले यो अवस्थामा आउन सकिने थिएन । अहिले पनि निजी क्षेत्र धेरै अगाडी बढेको छ । निजी क्षेत्रसँग अहिले ठूला-ठूला जलविद्युत् योजना छन् । ६०० मेगावाट सम्मका जलविद्युत् आयोजनाहरू निजीक्षेत्रले अघि बढाउने कोसिस गरिरहेको छ ।

तर, राज्यले ठूला आयोजना अघि बढाउन नीतिगत रूपमा सहजीकरण गर्न सकिरहेको छैन । सहजीकरण गर्नुपर्छ । विदेशी लगानीकर्तालाई पनि सहजीकरण गर्दै ठूला परियोजनामा स्वागत गर्नुपर्छ । त्यस्तै, कसरी बिजुलीको खपत बढाउने, बढी भएको बिजुलीलाई कसरी भारत र बंगलादेश निर्यात गर्ने भन्ने योजना सरकारले अघि बढाउन सक्यो भने साढे २८ हजार मेगावाट बिजुली उत्पादनको लक्ष्य असम्भव छैन ।

नेपालको जलविद्युत् क्षेत्रमा स्वदेशी लगानीकर्ताको अवस्था ज्यादै नाजुक अवस्था छ । अहिले पनि जलविद्युत् आयोजना बनाउन विभिन्न ३१ वटा सरकारी अड्डा धाउनुपर्छ । साढे २ देखि ३ वर्षमा २५ र ५० मेगावाटका आयोजनाहरू निर्माण अघि बढाएर सम्पन्न गर्न सक्छौँ । त्यसको लाइसेन्स प्रक्रिया, इआए, पीपीएलगायतका प्रक्रियागत कामहरू सम्पन्न गर्न ७ वर्ष लाग्छ । सरकारी प्रक्रियागत झन्झटलाई कम नगरीकन जलविद्युत् आयोजना निर्माण गर्न सकिने अवस्था छैन । सरकारले जलविद्युत्मा आयोजनामा १० प्रतिशत बैंकहरुले अनिवार्य लगानी गर्नुपर्ने नीति ल्यायो । तर, कतिपय बैंकहरुले जलविद्युत्मा एक रुपैयाँ पनि लगानी गरेका छैनन् । त्यस्ता बैंकलाई सरकारले कुनै जरिवाना लगाउन सकेको छैन ।

कम्तीमा त्यस्ता बैंकलाई एक लाख रुपैयाँ जरिवाना लगाइदिने हो भने बल्ल अन्य बैंकहरु हौसिएर लगानी गर्न आउँछन् । विगतमा ऊर्जामा बैंकहरुले यति लगानी गर्ने भन्ने नीतिको कडाइका साथ पालना हुनुपर्छ । त्यति मात्र होइन, हरेक वर्ष २ देखि ५ प्रतिशत लगानी बढाउँदै जानुपर्छ। अहिले नै बैंकले कम्तीमा १५ प्रतिशत लगानी ऊर्जामा गर्नुपर्छ।

नीतिको प्रभावकारी कार्यान्वयन नहुँदा अहिले कतिपय जलविद्युत् प्रवर्धकहरूले बैंकबाट ऋण पाइरहेका छैनन् ।अहिलेको बजेट र विधेयकले निजि क्षेत्रलाई सम्बोधन गर्न सकेको छैन । अहिलेका विधेयक हेर्ने हो भने निजी क्षेत्रलाई निमूल पार्ने खालको देखिन्छ । सरकारलाई पनि निजी क्षेत्रदेखि अलि डाहा लागे जस्तो लाग्यो । निजी क्षेत्रले पछिल्लो १५ वर्षमा विद्युत् उत्पादन ७० प्रतिशतभन्दा बढी गर्दा सरकारी क्षेत्रबाट ३० प्रतिशत मात्र विद्युत् उत्पादन छ । निजी क्षेत्र भनेको सरकारको सन्तान जस्तै हो नि । मेरो छोरा वा छोरीले उन्नति गर्छ भने त्यो त मेरै उन्नति हो नि । तर, राज्य खुसी भएको देखिएन । राज्यले अहिले ल्याएको विधेयक पास हुने अवस्था बन्यो भने निजि क्षेत्रले ऊर्जामा लगानी गर्न नसक्ने अवस्थामा पुग्छ ।

> **अहिले विदेशी लगानीकर्तालाई हेर्नै पर्दैन । भारतमा अहिले सौर्य ऊर्जा चीनपछि सबैभन्दा बढी उत्पादन हुने अवस्थामा गइसकेको छ । किनकि त्यहाँ सरकारले त्यस खालको पोलिसी ल्यायो । सौर्य ऊर्जाले अन्ततः जलविद्युत्कै माग गरेको छ ।**

अर्कोतर्फ, आज नेपाल विद्युत् प्राधिकरणको नाफा भनेको निजी क्षेत्रको बिजुली किनेर भारत बेचेर कमाएको नाफा हो । निजि क्षेत्रले ४ रुपैयाँ ८० पैसा प्रतियुनिटमा प्राधिकरणलाई बिजुली बेच्छ । प्राधिकरणले साढे ९ रुपैयाँ देखि १० रुपैयाँ प्रतियुनिट बिजुली भारतलाई बेच्छ। निज क्षेत्रको नाफा पनि प्रशस्त भएको भए ठिकै थियो । प्राधिकरणले १७ प्रतिशतभन्दा बढी नाफा नगर्न भनेको छ। प्राधिकरणको उक्त कुरामा खुसी नै छौँ ।

तर, ५ प्रतिशत नाफा खाएर पनि त कसैले जलविद्युत् आयोजना बनाउँदैन नि। त्यस कारण, निज क्षेत्रको विद्युत् खरिद सम्झौता(पीपीए) दर छ । यहीँ दरमा अब नयाँ जलविद्युत आयोजना निर्माण सम्भव छैन। कसैले १०० रुपैयाँ लगानी गरेर नाफा ५ रुपैयाँ हुन्छ भने बैंकको मुद्दतीमै ९ रुपैयाँ ब्याजदरमै राख्दा हुन्छ। जलविद्युत्मा जोखिम किन मोल्ने ? त्यसतर्फ सोच्नुपर्ने अवस्था आएको छ। यी लगायतका कारणले पनि जलविद्युत्का लगानीकर्ता र समग्र निजी क्षेत्र उत्साहित होइन, हतोत्साहित हुने अवस्था छ। पीपीए दर समसामयिक रूपमा परिवर्तन गर्न अति जरुरी छ।

अहिले विदेशी लगानीकर्तालाई हेर्नै पर्दैन। भारतमा अहिले सौर्य ऊर्जा चीनपछि सबैभन्दा बढी उत्पादन हुने अवस्थामा गइसकेको छ। किनकि त्यहाँ सरकारले त्यस खालको पोलिसी ल्यायो । सौर्य ऊर्जाले अन्ततः जलविद्युत्कै माग गरेको छ।

किनकि, सौर्य ऊर्जा त दिनको समयमा हुन्छ। रात र बिहानको समयमा जलविद्युत् नै चाहियो । त्यहाँ चाहिने जलविद्युत्को माग हामीले दिन सक्नुपर्थ्यो ।त्यसका लागि राज्य जाग्नुपर्छ। विदेशी लगानीका लागि मन्त्रालयले मात्र गर्न सक्ने अवस्था छैन। लगानी बोर्डले मात्र पहल गरेर हुने अवस्था छैन। त्यसका लागि 'स्पेशल डेस्क' बनाएर अहिले जलविद्युत् आयोजनामा भएका समस्याहरू के के छन् ? ती समस्या हल गरिदिन्छौ लगानी गर्न आउने वातावरण सिर्जना गर्नुपर्छ । नीतिगतरुपमा लगानीकर्ता सहजीकरण गर्ने र प्रधानमन्त्री संयोजक रहने गरी छुट्टै डेस्क बनाएर लगानीकर्तालाई लगानी गर्न आह्वान गर्न सक्नुपर्छ।

आगामी २ वर्षभित्र यी यी आयोजना यसरी बनाउने र लगानीकर्तालाई सहज वातावरण बनाउने हो भने यो मौका गुम्नेछ। यसले न सरकारले लिएको लक्ष्य त पूरा हुँदैन नै। स्वदेशका लगानीकर्तालाई समेत निराश बनाउने अवस्था आउनेछ। यसअघि १० हजार मेगावाट हामीले बेच्छौँ भनेर गएको होइन, भारतले आफ्नो आवश्यकता देखेर सम्झौता गरेको हो।

स्वदेश वा बाहिरको निजी क्षेत्रले जहिले पनि इजी मनि खोज्छ। छोटो समयमा छिटो कमाइ हुने क्षेत्र रोज्छ। भारतीय निजीक्षेत्रलाई सोलार र पम्प स्टोरेजमा जति छिटो कमाइ छ। त्यो जलविद्युत्मा छैन। नेपालले अहिले नै भारतीय निजी लगानीकर्ता खोज्ने बेला भएको छैन। साढे ४ देखि ५ हजार मेगावाट बिजुली एनएचपीसी र सतलजलगायतका कम्पनीले अघि बढाइरहेको अवस्था छ।

ती आयोजना बनेर अघि बढेपछि र अरुण तेस्रोको बिजुली निर्यात हुन थालेपछि बिस्तारै भारतीय लगानीकर्ता ल्याउन सरकारले ढिलो गर्नुहुँदैन । पञ्चेश्वरमा भारत झुकेर आएको अवस्था छ । अब त भारतले पानीको मूल्य पनि तिर्न तयार छ।

तर, हामीले त्यस्ता कुरामा राष्ट्रियताको विषय लिएर भारतले पानी पाउँछ भनेर दुःखी हुनुहुँदैन । त्यसबाट नेपालले के पाउँछ, त्यसमा खुसी हुनुपर्‍यो । कर्णाली चिसापानी हामी आफैँले विश्व बैंकको सहयोग लिएर बनाउन सक्नुपर्छ। आखिर केही ठूला परियोजना हामीले पनि त बनाउनुपर्‍यो नि । बंगलादेशसँग ४० मेगावाट बिजुली निर्यातका लागि सम्झौता भएको छ। जुन, सुखद कुरा हो। पाँच वर्षअघि मैले बंगलादेशमा विद्युत् बेच्नुपर्छ भन्दा मलाई सबैले मूर्ख भन्थे। तर, आज आएर त्यो कुरा सफल हुनेवाला छ। यसमा निज क्षेत्रको मार्ग निर्देशन र नीतिगत व्यवस्था सहज भएका कारणले सफल भएको हो।

महिलाको प्रसव पीडा सबैभन्दा गाह्रो परिस्थिति हो। त्यो अहिलेको पुरुष र निजी क्षेत्रका लगानीकर्ताको प्रसव पीडा अहिले सिर्जना भएको छ। अहिले जसले जलविद्युत् निर्माण गरेको छ। उसलाई त राष्ट्रपतिलाई डाकेर सुनको तक्मा दिनुपर्छ। अर्थात्, प्रोत्साहन गर्नुपर्छ। किनकि, निजी क्षेत्रले पनि राष्ट्रका लागि सम्पत्ति बनाएको हो नि। ३० वर्षपछि त त्यो स्वतः राज्यकै सम्पत्ति हो नि। अहिले खिम्तीको बिजुली राज्यले बेचिरहेको छ। कुनै बेला प्रतियुनिट २१ रुपैयाँमा किनेको थियो नि। त्यस कारण सरकारले निजी क्षेत्रलाई सौतेनी व्यवहार नगरी सन्तानको जस्तै व्यवहार गर्न सक्नुपर्छ। निजिक्षेत्रलाई विद्युत् उत्पादनका लागि प्रोत्साहन, सहजीकरण र नीतिगत रूपमा सहजीकरण गर्ने दायित्व सरकारले निर्वाह गरिदिनुपर्छ।

देशको भाग्य र मौका बारम्बार आउँदैन । यो मौकालाई हाम्रा सत्तामा रहेका नेता र सरकारले बुझ्नुपर्छ। ऊर्जा मन्त्रालय र लगानी बोर्डले बुझ्नुपर्छ। जलविद्युत् आयोजना निर्माणमा जोड दिँदै खपत र वितरण प्रणालीलाई सुदृढ गर्दै जानुपर्छ । जलविद्युत् निर्माणमा देखिएका प्रक्रियागत चुनौती र समस्या हल गर्न राज्यको छुट्टै संयन्त्र बन्नुपर्छ। समृद्धिको आधार ऊर्जालाई मान्ने हो भने सरकारले निज क्षेत्रसँग सहकार्य, समन्वय र सहजीकरण गरिदिनुपर्ने मलाइ लाग्छ ।खवर हव

# 'शिक्षा क्षेत्रमा संरचनागत सुधारको प्रयास जारी छ'



काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले शिक्षा क्षेत्रको संरचनागत सुधारका लागि प्रयास भइरहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुबाट उठेका प्रश्नको जवाफ दिँदै शिक्षामन्त्री श्रेष्ठले यस क्षेत्रको सुधारका लागि मन्त्रालय मात्र नभइ सबै पक्ष जिम्मेवारीका साथ लाग्नुपर्ने बताउनुभयो।

"शिक्षा क्षेत्रमा संरचनागत सुधार आवश्यक छ भन्न थालेको लामो समय भयो तर संरचनागत सुधार मन्त्री परिवर्तन गरेर मात्र हुने कुरा होइन। सुधारका लागि सरकारको मुखमात्र ताकेर हुँदैन", उहाँले भन्नुभयो, "संरचनागत सुधारका लागि सुझाव दिने कार्यदल गठनको तयारी भइरहेको छ।

शिक्षा मन्त्रालयमा बाहिरका कर्मचारी नआउने र शिक्षा क्षेत्रकै कर्मचारी आउने व्यवस्था गर्ने तथा शिक्षाको गुणस्तर मापन गर्ने संयन्त्र तयार पार्नेगरी काम भइरहेको छ।" शिक्षा क्षेत्रको रुपान्तरणका लागि शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक सबैको जिम्मेवारी हुने मन्त्री श्रेष्ठले दोहोर्‍याउनुभयो । सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुका लागि छुट्टै सेवा आयोग बनाउने विषयमा काम भइरहेको जानकारी दिँदै शिक्षामन्त्रीले हालै सार्वजनिक भएको माध्यामिक शिक्षा परीक्षा (एसइई) को निर्मम समीक्षा गर्नुपर्ने बताउनुभयो।

शिक्षालाई श्रम बजारसँग जोड्नेगरी 'समाजसँग पाठ्यक्रम' कार्यक्रम ल्याइएको र विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रम बनाउँदा पनि रोजगारसँग जोड्नेगरी बनाउन निर्देशन दिएको उहाँको बताउनुभयो । विद्यालय व्यवस्थापन समिति कसरी गठन भएको छ भनेर अध्ययन भइरहेको, विद्यार्थी र शिक्षकको अनुपात असन्तुलित देखिएकाले प्राथमिक तहका दरबन्दी काटेर माथिल्लो तहमा दरबन्दी बढाउन सकिनेबारे मन्त्रालयले गृहकार्य गरिरहेकोलगायत सुधारका काम भएका उहाँले जानकारी दिनुभयो।

आगामी आर्थिक वर्षको बजेटमा सामुदायिक विद्यालयमा एक हजार कक्षाकोठा थप्ने गरी योजना तर्जुमा गरिएको तथा त्यो मानव सुचकाङ्कमा पछाडि परेका दुई सय ४० वटा पालिकामा विनियोजन गरिएको मन्त्री श्रेष्ठले बताउनुभयो । त्रिभुवन विश्वविद्यालयको जग्गा अतिक्रमणसम्बन्धमा पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा गठन भएको छानबिन कार्यदलले प्रस्तुत गर्ने प्रतिवेदनअनुसार निर्णय हुने उहाँले जानकारी दिनुभयो ।रासस

## राष्ट्रियसभा बैठकः

# विनियोजन विधेयकमाथि मिश्रित टिप्पणी

**बैठकको सुरुमा खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै सांसद किरणबाबु श्रेष्ठले सरकारले आगामी आर्थिक वर्षका लागि पेस गरेको बजेट संघीयताको मर्म विपरीत आएको, यो आर्थिक मूल्यमान्यता विपरीत रहेको आरोप लगाउनुभयो ।**

काठमाण्डु । राष्ट्रियसभामा विनियोजन विधेयक, २०८१ का विभिन्न शीर्षकमाथिको छलफलमा सांसदहरुले दलीय आधारमा नै आफ्ना धारणा प्रस्तुत गर्नुभएको छ।

सोमबारको बैठकमा वन तथा वातावरण, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद, सहरी विकास, उद्योग वाणिज्य तथा आपूर्ति, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, भौतिक पूर्वाधार तथा यातायात र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विभिन्न शीर्षकमा भएका छलफलमा उहाँहरूले दलीय आधारमा आफ्ना अभिमत प्रस्तुत गर्नुभएको हो ।छलफलमा सहभागी सत्तापक्षीय सांसदहरुले विधेयकको सकारात्मक पक्षलाई जोड दिँदै आलोचनात्मक टिप्पणी गर्नुभयो भने प्रतिपक्षी दलका सांसदहरुले भने बजेट छरिएको, आर्थिक अनुशासन कायम गर्न नसकेको टिप्पणी गर्नुभयो।

बैठकको सुरुमा खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै सांसद किरणबाबु श्रेष्ठले सरकारले आगामी आर्थिक वर्षका लागि पेस गरेको बजेट सङ्घीयताको मर्म विपरीत आएको, यो आर्थिक मूल्यमान्यता विपरीत रहेको आरोप लगाउनुभयो ।सांसद उर्मिला अर्यालले मुलुकभर नै वन अतिक्रमण बढी भएको, बहुमूल्य काठको चोरी भएको, भूस्खलन बढ्दै गएकाले मधेसमा पानीको समस्या बढ्दै गएको उल्लेख गर्दै बजेटलाई थप व्यावहारिक र प्रभावकारी बनाउनुपर्ने बताउनुभयो ।



उहाँले तीनवटै तहका सरकारको समन्वयमा भौतिक पूर्वाधारको विकास गर्नुपर्ने, कृषिमा आत्मनिर्भर हुनेगरी उद्योग क्षेत्रको विकास गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद देवेन्द्र दाहालले सरकारको नीति तथा कार्यक्रम र बजेटमा नियमित छलफल भए पनि जनअपेक्षा सम्बोधन हुन नसकेको बताउनुभयो। उहाँले समग्रमा एक सय ६५ वटै निर्वाचन क्षेत्रमा निश्चित बजेट छुट्याउने, योजनाको प्राथमिकीकरण गर्नैपर्ने सुझाव दिनुभयो।

सांसद उदयबहादुर बोहोराले पटक - पटक बजेट र योजनाका बारेमा छलफल भएका, त्यसमा सुझाव पनि दिइएको तर त्यो कहिल्यै कार्यान्वयन हुन नसकेको गुनासो गर्नुभयो। उहाँले संविधानअनुसार कानुन बन्न नसक्दा जनताले अपेक्षित लाभ लिन नसकेका बताउनुभयो ।सांसद शेखरकुमार सिंहले तराई-मधेसका विभिन्न जिल्लाका पुल तथा पूर्वाधार निर्माणका लागि ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) बनाउने नाममा केही कर्मचारीले अवाञ्छित गतिविधि गरेकाले त्यसलाई नियन्त्रण गर्नुपर्ने बताउनुभयो।

सांसद तुलप्रसाद विश्वकर्माले निर्माण भएका सडकको स्तरोन्नति गर्न पर्याप्त बजेट विनियोजन नभएको बताउनुभयो । सांसद अञ्जान शाक्यले उद्योग व्यवसायको प्रवर्द्धनका लागि ठोस कार्यक्रम नआएकाले त्यसमा विशेष ध्यान दिनुपर्ने तर्क गर्नुभयो। सांसद भुवनबहादुर सुनारले युवालाई देशभित्रै रोजगारी दिने कार्यक्रम बजेटमा समावेश गरिएको, कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको बताउनुभयो।

सांसद कृष्णबहादुर रोकायाले क्रमागत योजनामा बजेट विनियोजन भएको टिप्पणी गर्दै सङ्घीय सरकारको काम स्थानीय तहकोजस्तै भएको बताउनुभयो। कर्णाली प्रदेशको तुलनामा धनुषा र झापामा बढी बजेट विनियोजन गरिएको आरोप लगाउँदै उहाँले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयको विनियोजनसम्बन्धी पुस्तक उपहारका रुपमा सरकारलाई नै फिर्ता पठाउने बताउनुभयो ।सांसद गङ्गा बेल्वासेले सरकारले कतिपय आयोजनामा पर्याप्त बजेट विनियोजन नभएको गुनासो गर्नुभयो। उहाँले समयमा नै ऐन, नियम बनाएर बजेट कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद विष्णुदेवी पुडासैनीले सन्तुलित नभएको टिप्पणी गर्नुभयो। सांसद रुकमिणी कोइरालाले महिला तथा बालबालिकाका सन्दर्भमा आगामी आवको बजेटमा गरिएको विनियोजन प्रभावकारी रहेको, महिला उद्यमीलाई प्रोत्साहन गर्न थप बजेट व्यवस्था गर्न माग गर्नुभयो ।सांसद गोमादेवी तिमिल्सिनाले सांसदहरुले जतिसुकै सुझाव दिए पनि सरकारले ध्यान नदिएको गुनासो गर्नुभयो।

सांसद सुरेशकुमार आले मगरले समग्रमा आगामी आवको बजेट सन्तुलित र यर्थाथपरक रहेको बताउनुभयो ।सांसद नारायणदत्त भट्टले समानताको आधारमा बजेट विनियोजन हुन नसकेको, युवालाई आकर्षित गर्ने कार्यक्रम नभएको तथा आम जनतामा आशा जगाउने कार्यक्रम नआएको आरोप लगाउनुभयो ।सांसद जगप्रसाद शर्माले पूँजीगत खर्च वृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने र अर्थतन्त्र विस्तारमा बजेट कार्यान्वन हुनुपर्नेमा जोड दिनुभयो ।रासस

## स्वास्थ्य क्षेत्रमा जनशक्ति थप्ने तयारीमा : स्वास्थ्यमन्त्री



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले स्वास्थ्य क्षेत्रमा जनशक्ति थप्न तयारी भइरहेको बताउनुभएको छ।

सोमबार स्वास्थ्य मन्त्रालयमा भएको पत्रकार सम्मेलनमा उहाँले देशभर करिब ९२ हजार स्वास्थ्य जनशक्तिको दरबन्दी बढाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण(ओएनएम) को काम भइरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "जनशक्ति बढाउन हामी काम गरिरहेका छौँ। त्यससम्बन्धी प्रस्ताव अर्थ मन्त्रालयमा पठाएका छौँ। यो कार्यान्वयन भयोभने धेरै समस्या हल हुन्छन्।"

फरक प्रसङ्गमा मन्त्री यादवले जनशक्ति अभाव भएका बेला करारमा पनि दक्ष व्यक्तिलाई काम लगाउन अस्पताललाई निर्देशन दिइएको बताउनुभयो।

"जनता निरास छन्। श्यया पाएका छैनन्। फार्मेसीमा औषधि पाइँदैन। शल्यक्रियाका लागि समय नपाउने समस्या छ। सोर्स लगाउनुपर्ने अवस्था छ, त्यस्तो अवस्थाको अन्त्यका लागिपरेकोछु",स्वास्थ्यमन्त्रीले भन्नुभयो। उहाँले अस्पताल तथा फार्मेसीको अनुगमनले काम गर्ने उर्जा दिएको र स्वास्थ्य क्षेत्रको वास्तविक अवस्थालाई नियाल्न पाएको बताउनुभयो ।रासस

# 'देशको सार्वजनिक ऋण सुविधाजनक अवस्थामा छ, हामी ऋणको पासोमा पर्दैनौं'

काठमाण्डु। अर्थमन्त्री वर्षमान पुनले अन्य देशको तुलनामा मुलुकको सार्वजनिक ऋणको अवस्था सुविधाजनक रहेको र देश ऋणको पासोमा पर्ने कुनै गुञ्जायस नरहेको स्पष्ट गर्नुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुले उठाउनुभएका प्रश्नको जवाफ दिँदै अर्थमन्त्रीले देशले लिएको ऋणको लागतसमेत कम रहेको बताउनुभयो। "ऋणको लागत र जोखिमको दृष्टिकोणबाट हाम्रो देश अन्य मुलुकको तुलनामा सुविधाजनक अवस्थामा छ । हालसम्मको सार्वजनिक ऋणको परिमाण र लागतलाई दृष्टिगत गर्दा मुलुक ऋणको पासोमा पर्ने कुनै सम्भावना छैन", अर्थमन्त्री पुनले भन्नुभयो, "सार्वजनिक ऋण परिचालन गर्दा ऋणको दिगोपना कायम गर्नेतर्फ सरकार संवेदनशील रहेको छ। सार्वजनिक ऋणलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्दै जानेतर्फसमेत सरकार सचेत छ।" अर्थमन्त्री पुनका अनुसार चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म देशको सार्वजनिक ऋण रु ९८ अर्ब आठ करोड थपिएर रु २३ खर्ब ९७ अर्ब



पुगेको छ। विसं २०८० असारमसान्तमा सरकारले तिर्न बाँकी सार्वजनिक ऋण रु २२ खर्ब ९९ अर्ब ३५ करोड थियो । हाल देशको कूल गार्हस्थ्य उत्पादनको अनुपातमा सरकारले तिर्न बाँकी ऋण ४२ दशमलव ०२ प्रतिशत छ । तिर्न बाँकी सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण रु ११ खर्ब ८४ अर्ब ४८ करोड र बाह्य ऋण रु १२ खर्ब १२ अर्ब ९५ करोड छ।

चालु आर्थिक वर्षको वैशाखसम्म १० सम्ममा सरकारले आन्तरिक ऋणतर्फ रु एक खर्ब ९१ अर्ब र बाह्य ऋणतर्फ रु ७३ अर्ब ६३ करोड ३६ लाख गरी जम्मा रु दुई खर्ब ६४ अर्ब ६३ करोड ३६ लाख सार्वजनिक ऋण परिचालन गरेको अर्थमन्त्री पुनले बताउनुभयो। उक्त अवधिमा सरकारले आन्तरिक ऋणतर्फ रु एक खर्ब ३५ अर्ब ६२ करोड ३३ लाख र बाह्य ऋणतर्फ रु ३० अर्ब ९३ करोड ११ लाख गरी जम्मा रु एक खर्ब ६६ अर्ब ५५ करोड ४४ लाख सावाँ भुक्तानी गरेको छ।

प्रतिनिधिसभाको आजको बैठकमा सरकारले गत वैशाख १६ र १७ गते सम्पन्न तेस्रो लगानी सम्मेलनको उपलब्धिबारे पनि अर्थमन्त्रीले जानकारी दिनुभएको छ। लगानी सहजीकरणका लागि कानुन संशोधन भएको, १९ वटा परियोजनाको आशयपत्र माग गरिएको, परियोजना बैंकलाई अद्यावधिक गरिएको, अन्तर्राष्ट्रिय जगत्मा नेपाललाई उत्कृष्ट लगानी गन्तव्यका रूपमा प्रस्तुत गरिएको उहाँले बताउनुभयो।

आगामी आर्थिक वर्षको बजेट विनियोजनमा संसद्मा आलोचना भएको सन्दर्भमा पनि अर्थमन्त्रीले सरकारको बचाउ गर्नुभयो । "मन्त्रालयगत बजेट विनियोजनमा ठूलो अन्तर तथा असमानता देखिएको र समन्यायिक बजेट वितरण हुन नसकेको विषय उठेका छन्", अर्थमन्त्रीले भन्नुभयो, "सरकारले बजेट विनियोजन गर्दा सम्बन्धित निकायको काम, कर्तव्य, कार्यक्षेत्र र अधिकारका आधारमा विनियोजन, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम हुनेगरी समन्यायिक प्रणालीअनुसार नै बजेट विनियोजन गर्ने गरेको छ।"रासस


**Mithila Bihari Municipality**

**Office of The Municipal Executive**

**Tarapatti, Dhanusha**

**Madhesh Province, Nepal**

**Amendment/Clarification Notice**

**Date of Publication:2nd July,2024(18thAshad ,2081)**

This is to notify that addendum has been made in the following bid documents published on Janakpur Today Newspaper on following dates.

| IFB No. | Bid Publication Date | Description of Works | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|
| 02/02/2080-81/NCBW/BW/MBM | 7th June, 2024 (25th Jestha, 2081) | NA.PA.BHITRA NAYA ADHURO BHAWAN NIRMAN KARYA. | 8th July, 2024 (12:00 hour) (24th ashad, 2081) | 8th July, 2024 (14:00 hour) (24th ashad, 2081) |
| 02/01/2080-81/NCBW/WB/MBN | 7th June, 2024 (25th Jestha, 2081) | Construction of Ward office Building of ward No. 6 , Mithila Bihari Municipality | 8th July, 2024 (12:00 hour) (24th ashad, 2081) | 8th July, 2024 (15:00 hour) (24th ashad, 2081) |

For Details please visit https://bolpatra.gov.np/egp/ or contact Mithila Bihari Municipality.

**Chief Administrative Officer**



**मधेश प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**पूर्वाधार विकास कार्यालय सिरहा**

**नेपाल**

**पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश**

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । मधेश प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले**ः

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालन गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्वस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-वायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्र्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-वायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

# फ्रान्सको निर्वाचनमा ले पेनको दल आगाडि, राष्ट्रपति म्याक्रौँको दल तेस्रो स्थानमा

एएफपी

पेरिस । फ्रान्समा पहिलो चरणको विधायिकी निर्वाचनमा विजय हासिल गरेपछि फ्रान्सको अति दक्षिणपन्थी हरूले आइतबार सरकार गठन गर्ने र प्रधानमन्त्री पदको दाबी गर्ने ऐतिहासिक अवसरको खोजी गरिरहेका छन् । प्रमुख फ्रान्सेली मतदान फर्महरूको अनुमानअनुसार आरएनले ३३ देखि ३३ प्रतिशत मत प्राप्त गरेको छ भने वामपन्थी न्यू पपुलर फ्रन्ट गठबन्धनले २८ प्रतिशत र म्याक्रौँको मध्यमार्गी खेमाले २१ प्रतिशत मत प्राप्त गरेको छ । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौँको मध्यमार्गी शक्तिले मात्र तेस्रो स्थानमा चित्त बुझाउनुपरेपछि जुलाई ७ मा हुने दोस्रो चरणको निर्वाचनमा देशलाई वर्वादीबाट जोगाउन आफ्नो दललाई मतदान गर्न राष्ट्रपति म्याक्रौँसहितका नेताले निर्वाचन अभियानलाई सशक्त बनाउने बताएका छन् ।



“ फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौँको मध्यमार्गी शक्तिले मात्र तेस्रो स्थानमा चित्त बुझाउनुपरेपछि जुलाई ७ मा हुने दोस्रो चरणको निर्वाचनमा देशलाई वर्वादीबाट जोगाउन आफ्नो दललाई मतदान गर्न राष्ट्रपति म्याक्रौँसहितका नेताले निर्वाचन अभियानलाई सशक्त बनाउने बताएका छन् ।

तर निर्बाचनका लागि मात्र एक हप्ताको समय रहेको छ।

मा विपक्षी नेशनल र्‍याली (आरएन) पार्टी मरिन ले पेनले नयाँ नेसनल एसेम्बलीमा पूर्ण बहुमत प्राप्त गर्नेछ वा गर्दैन भन्ने स्पष्ट भइसकेको छैन । ले पेनका समर्थक २८ वर्षीय जोर्डन बर्डेलालाई प्रधानमन्त्री बन्न र सत्ता सम्हाल्ने निश्चित हुन आरएनलाई अहिलेकोभन्दा निकै धेरै मतको आवश्यकता पर्नेछ।

यसै महिना युरोपेली संसद् को चुनावमा आरएनले आफ्नो मध्यमार्गी शक्तिलाई पराजित गरेपछि म्याक्रोनले मध्यावधि चुनाव को आह्वान गर्नुभएको थियो। निर्वाचनमा जाने राष्ट्रपति म्याक्रौँको निर्णयले उहाँका केही सहयोगीहरूसमेतलाई चकित पारेको थियो।


निर्वाचन घोषणाले म्याक्रौँलाई आँफैमाथि मार पर्ने जोखिम देखिएको छ । पहिलो चरणको निर्वाचन परिणाम नउल्टिएमा यसले राष्ट्रपतिलाई आफ्नो कार्यकालको बाँकी तीन वर्षका लागि निकै कम शक्तिशाली व्यक्ति बनाउनेछ।

दोस्रो चरणको निर्वाचनपछि ५७७ सदस्यीय राष्ट्रिय सभामा आरएनले बहुमत प्राप्त गर्ने मतदान एजेन्सीहरूले अनुमान गरेका छन् । तर पूर्ण बहुमतका लागि आवश्यक पर्ने २८९ सिट पार्टीले प्राप्त गर्ने आधार स्पष्ट भइसकेको छैन।

# इरानी राष्ट्रपति निर्वाचनको नतिजालाई मान्यता प्राप्त

एएफपी

तेहरान । इरानको संवैधानिक परिषद्ले आइतबार देशको १४औँ राष्ट्रपति निर्वाचनको पहिलो चरणको नतिजालाई मान्यता दिएको छ ।निर्वाचनको प्रक्रिया र नतिजा हेर्ने संस्था काउन्सिलका प्रवक्ता हादी ताहान नाजिफले सरकारी आईआरआईबी टिभीलाई दिएको एक टेलिभिजन अन्तर्वार्तामा उक्त घोषणा गर्नुभएको हो । उहाँले अनुसन्धान र समीक्षापछि संस्थाले नतिजा पुष्टि गरेको बताउनुभयो ।




पहिलो चरणको निर्वाचनमा भाग लिने चार उम्मेदवारमध्ये कसैले पनि उजुरी दिने कानुनी समयावधिमा निर्वाचन परिणाममा कुनै आपत्ति नजनाएको बताउँदै उहाँले बिहीबार बिहानसम्म वा निर्वाचन सुरु हुनुभन्दा २४ घण्टाअघिसम्म निर्वाचन अभियान सञ्चालन गर्न सकिने जानकारी दिनुभयो । तीन पटकसम्म लम्ब्याइएको मध्यावधि राष्ट्रपतीय निर्वाचनका लागि शुक्रबार बिहानैदेखि सुरु भएको पहिलो चरणको मतदानमा कुनै पनि उम्मेदवारले विजयी घोषणाका लागि आवश्यक पर्ने कुल मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न सकेका थिएनन् ।

पहिलो चरणमा पूर्व स्वास्थ्यमन्त्री सुधारवादी मसूद पेजेस्कियानले ४२ प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुभएको थियो भने तेहरान र विश्व शक्तिराष्ट्रबीचको आणविक वार्ताका पूर्व प्रमुख वार्ताकार सइद जलिलीले ३८ प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुभएको थियो । त्यसैगरी, सभामुखबाट राष्ट्रपतीय निर्वाचनमा उम्मेदवारी दिनुभएका मोहम्मद बघेर गालिबाफले १३.८ प्रतिशत मत प्राप्त गर्नुभएको थियो भने अर्का उम्मेदवार मुस्तफा पौरमोहम्मदीले एक प्रतिशतभन्दा कम मत प्राप्त गर्नुभएको थियो ।

जुलाई ५ मा हुने दोस्रो चरणको प्रतिस्पर्धामा पहिलो चरणमा बढी बत ल्याएका दुई प्रतिस्पर्धी पेजेस्कियान र जलिलीबाच प्रतिस्पर्धा हुनेछ ।सन् २०२५ का लागि तय भएको राष्ट्रपतीय निर्वाचन इरानका पूर्व राष्ट्रपति इब्राहिम राइसीको मे १९ मा हेलिकप्टर दुर्घटनामा अप्रत्यासित निधन भएपछि सारिएको थियो ।रासस

# रोहितको त्यो आँशु र यो खुसी



काठमाण्डु । सन् २०२३ नोभेम्बर १९ मा अहमदावादमा एकदिवसीय विश्वकपको फाइनलमा अष्ट्रेलियासँग ६ विकेटको हार पछिल्लो एक दशकमा भारतीय क्रिकेटले सामना गरेको सर्वाधिक पीडादायी र दुःखद क्षण हो । घरेलु मैदान, दर्शक र कन्डिसनमा शानदार क्रिकेट खेल्दाखेल्दै एक गल्तीको भारत कारण च्याम्पियन बन्न सकेन ।फाइनलमा रोहित शर्मा अष्ट्रेलियाविरुद्ध ९.४ ओभरमा ४७ रनमा क्याच आउट हुँदा भारत ७६-२ को अवस्थामा थियो । तर, उनी आउट भएपछि आक्रामक क्रिकेट खेल्न नसक्दा भारत २४० रनमा अलआउट भएको थियो । ट्रविस हेडले १३७ रनको शतकीय इनिङ खेल्दै सहजै अष्ट्रेलियालाई जित दिलाएका थिए ।

रोहित, अरु खेलाडी, भारतीय क्रिकेट शुभचिन्तक र समर्थकलाई त्यो हार भुल्न धेरै समय लाग्यो । फाइनल सकिएको दुई तीन दिनपछि मात्रै आफूहरुलाई विश्वकप हारेको महसुस भएको रोहितले बताएका थिए । मैदानबाट ड्रेसिङ रुममा जाँदा रोहित निकै भावुक बनेका थिए ।सन् २०१९ को एकदिवसीय विश्वकप सेमिफाइनलमा न्युजिल्यान्डसँग १९ रनको हार उनका लागि त्यति नै दुःखद थियो । किनभने भारतले त्यो विश्वकपमा ९ मध्ये ७ खेल जितेर फाइनलमा पुगेको थियो ।

उक्त विश्वकपमा रोहितले ५ शतक हानेका थिए । ९ जुलाइमा म्यान्चेस्टरमा २४० रनको लक्ष्य पछ्याएको भारतलाई जित्नका लागि १० बलमा २५ रन चाहिएको थियो । ४९ औं ओभरको तेस्रो बलमा महेन्द्रसिंह धोनीलाई मार्टिन गुप्टिलले डाइरेक्ट थ्रोमा रन आउट गरेपछि भारतको जितको आशा सकिएको थियो । त्यो क्षणमा पेभेलियनमा रोहितले आँशु रोक्न सकेनन् ।सन् २०२२ को आईसीसी टी-२० विश्वकपको सेमिफाइनलमा इंग्ल्यान्डसँगको १० विकेटको हार कप्तान रोहितका लागि अर्को कठिन क्षण थियो । शनिबार राति आईसीसी टी-२० विश्वकप २०२४ को फाइनलमा दक्षिण अफ्रिकालाई ७ रनले हराउँदै भारतले उपाधि जित्न सफल भयो ।

उपाधि जितेसँगै मैदानमा रोहितले उत्कृष्ट सेलिब्रेसन गरे । अनि त्यति नै भावुक पनि देखिए । रोहित यसपटक पनि रोए । तर यो खुसीको आँशु थियो । १३ वर्षदेखि भारतले प्रतिक्षा गरेको विश्वकप ट्रफी जित्न सफल भए । सन् २०११ मा महेन्द्रसिंह धोनीको कप्तानीमा घरेलु मैदानमा श्रीलंकालाई हराउँदै भारतले एकदिवसीय विश्वकप जितेको थियो ।

भारतले आईसीसी ट्रफी नजितेको नै ११ वर्ष भएको थियो । च्याम्पियन्स ट्रफी २०१३ भारतको अन्तिम आईसीसी उपाधि थियो । विश्व क्रिकेटमा निरन्तर शानदार प्रदर्शन गरेपनि नकआउटमा पुगेर चुक्दै आएको थियो ।'हामीले एउटा ग्रुपको रुपमा यो प्राप्त गर्न कडा मिहिनेत गरेका थियौं । विगतमा राम्रो गर्दा पनि गलत भएको थियो । म साँच्चिकै एक-अर्का प्रति गर्व गर्दछु । किनभने सबै एकै ठाउँमा भएर प्रदर्शन गर्न आवश्यक थियो', जितपछि रोहितले भने । यस पटक पनि भारतले हारको मुखबाट अविश्वसनीय पुनरागमन गरेको थियो ।

शनिबार राति १७७ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाका ब्याटर हेनरिक क्लासेनले १५ औं ओभरमा स्पिनर अक्षर पटेललाई समान दुई चौका र दुई छक्कासहित कुल २४ रन प्रहार गरेपछि भारतको जितको सम्भावना कम देखिएको थियो ।

त्यसपछि दक्षिण अफ्रिकालाई अन्तिम ५ ओभर अर्थात ३० बलमा मात्रै ३० रन चाहिएको थियो । १७ औं ओभरको पहिलो बलमा हार्दिक पान्ड्याले हेनरिक क्लासेनलाई ५२ रनमा ऋषभ पन्तबाट क्याच गराउनु भारतको जितको टर्निङ प्वाइन्ट बन्यो ।

त्यसपछि बाँकी १७ बलमा १० रन जोड्दै २ विकेट गुमाएपछि अन्तिम ६ बलमा दक्षिण अफ्रिकालाई जित्न १६ रन चाहिएको थियो । हार्दिकको फुलटस बलमा ठूलो सट खेलेका डेविड मिलरको बल लङअफमा छक्का बचाउँदै सूर्यकुमार यादवले उत्कृष्ट क्याच लिएपछि विश्वकप ट्रफी पक्का जस्तै बनेको थियो । त्यसपछि ५ बलमा १६ रन चाहिँदा दक्षिण अफ्रिकासँग क्रिजमा बलर थिए ।

विश्वकप जिताउन रोहितको कप्तानी र प्रदर्शन दुबै महत्वपूर्ण रह्यो । सुपर-८ मा अष्ट्रेलियालाई सेमिफाइनलमा पुग्न नदिन उनले ९२ रनको आक्रामक इनिङ खेलेका थिए । सेमिफाइनलमा इंग्ल्यान्डलाई हराउन पनि अर्धशतक हाने ।

'पछिल्लो केही वर्षदेखि मैले ग्रुपमा कुराकानी गर्दै भनेको थिएँ हामी सबैले जिम्मेवारी लिनुपर्छ । अनि स्वतन्त्र र बिना दबाब क्रिकेट खेल्नुपर्छ । नतिजा नआउदा पनि यो प्रक्रिया छाड्नु हुँदैन । गतवर्ष हामीले राम्रो खेलेपनि एकदिवसीय विश्वकप एउटा मात्रै खराब खेलले हार्‍यौं । अपराजित रहँदै यो विश्वकप जित्दा साँच्चिकै राम्रो अनुभव भएको छ', रोहितले भने ।

त्यसैमा थपे, 'यो सबैको योगदानले सम्भव भएको हो । एक-दुई व्यक्तिको कारणले मात्रै होइन । एउटा टिमको रुपमा यो ठूलो उपलब्धि हो ।' सबै जनाले देखाएको बहादुरीको कारण ट्रफी सम्भव भएको उनी बताउँछन् ।

रोहितले सन् २००७ सेप्टेम्बरमा इंग्ल्यान्डविरुद्ध टी-२० आई र जुनमा आयरल्यान्डविरुद्ध ओडीआईमा डेब्यू गरेका थिए । भारतले २००७ को टी-२० विश्वकप उपाधि जित्दा उनी टोलीका स्पिन अलराउण्डर थिए ।भारतबाट दुई टी-२० विश्वकप जित्ने उनी एक्लो खेलाडी हुन् । सन् २०११ को विश्वकप टोलीमा भने उनी पर्न सकेनन् ।

## धोनीले बनाएका सफल ओपनर

रोहित पहिला भारतीय क्रिकेटमा तल्लोक्रममा ब्याटिङ गर्थे । धोनीले २०१३ को च्याम्पियन्स ट्रफीबाट उनलाई ओपनरमा ल्याए । त्यो नै उनको करिअरको टर्निङ प्वाइन्ट बन्यो । त्यो समय भारतीय टोलीमा मुरली विजय र शिखर धवनले ओपनिङ गरेका थिए ।रोहित चौथो नम्बरमा खेल्ने तयारी थियो । तर अभ्यासको क्रममा चौथो नम्बरमा दिनेश कार्तिकले दुई शतक हाने । रोहितले अभ्यासमा राम्रो गरेको हुँदा धोनीले बाहिर राख्न सकेनन् । त्यसैले मुरली विजयको स्थान लिँदै ओपनर बनेका थिए । उनको पहिचानै ओपनरबाट बन्यो ।

रोहितले २०१३ अक्टोबरमा अष्ट्रेलियाविरुद्ध जयपुरमा १४१ र नोभेम्बरमा बेंगलोरविरुद्ध २०९ रनको दोहोरो शतकीय इनिङ खेलेका थिए । २०१४ नोभेम्बरमा इडेन गार्डेनमा श्रीलंकाविरुद्ध २६४ रनको दोहोरो शतकीय इनिङ खेले । ओडीआईमा एकै खेलमा एक ब्याटरले बनाएको त्यो उच्च स्कोर हो । २०१७ मोहलीमा श्रीलंकाविरुद्ध २०८ रनको दोहोरो शतकीय इनिङ खेले । रोहित ओडीआईमा तीन दोहोरो शतक हान्ने एक्लो खेलाडी हुन् ।

फुल सट विश्व क्रिकेटमा रोहितको पहिचान हो । टी-२० आईमा १५९ खेलमा ५ शतक र ३२ अर्धशतकसहित ४ हजार २३१ रन बनाएका छन् । उनीपछि अष्ट्रेलियाका ग्लेन म्याक्सवेलले मात्रै टी-२० आईमा ५ शतक हानेका छन् ।सन् २०२१ को टी-२० विश्वकपपछि कोहलीले कप्तानी छाडे । इन्डियन प्रिमियर लिग (आईपीएल) मा मुम्बई इन्डियन्सलाई पाँच पटक उपाधि जिताएको हुँदा रोहितबाट भारतले ठूलो आशा राखेको थियो ।

दुर्भाग्य त्यसै वर्ष टी-२० विश्वकपमा भारत सेमिफाइनलमा इंग्ल्यान्डसँग १० विकेटले पराजित हुँदै बाहिरियो । तर भारतले उनीमाथिको भरोसा तोडेन ।दुर्भाग्य यसै संस्करणमा मुम्बई इन्डियन्सले रोहितलाई कप्तानबाट हटाउँदै हार्दिकलाई नेतृत्व दिएको थियो । हार्दिक र मुम्बई निकै आलोचना परे । हार्दिकले विश्वकपबाट त्यो आलोचनालाई पक्कै अन्त्य गरेका छन् ।भारतीय क्रिकेटमा थुप्रै युवा ओपनर अवसरको पर्खाइमा छन् । त्यसैले विश्वकप जितेसँगै रोहित र कोहलीले टी-२० आईबाट आधिकारिक रुपमा सन्न्यास नै लिए ।

अब ओडीआई र टेष्ट पनि खासै धेरै समय नखेल्ने देखिन्छ । सम्भव त रोहित र कोहली दुबैको लक्ष्य २०२५ को च्याम्पियन्स ट्रफी हुनेछ । २०२६ को टी-२० विश्वकप र २०२७ को एकदिवसीय विश्वकपमा भारत युवा खेलाडीका साथ अघि बढ्ने तयारी गरेको छ ।कपिलदेव र धोनीपछि भारतलाई उपाधि जिताउने रोहित भारतका तेस्रो कप्तान हुन् । एउटा विश्वकप ट्रफी भारतको सपना मात्रै नभएर अति आवश्यक बनेको थियो । किनभने भारतका खेलाडी र समर्थक त्यसका हकदार थिए ।

वेष्टइण्डिज र अमेरिकाको स्पिन सहयोगी कन्डिसनले पनि धेरै फाइदा गर्‍यो । अनि केही कुरामा भाग्यले पनि साथ दियो । त्यो भन्दा बढी भारतले साँच्चिकै राम्रो क्रिकेट खेल्यो । अनि रोहितले राम्रो नेतृत्व गरे । र रोहित अब हारको कारण फेरि रुनुपर्ने छैन । किनभने उनले आफ्नो उत्कृष्ट प्रदर्शनमा एउटा विश्वकप ट्रफी जित्न सफल भएका छन् ।अनलाईन खवर

# इजरायलद्वारा गाजाका अस्पताल प्रमुखसहित ५० भन्दा बढी प्यालेष्टिनी बन्दी रिहा

एएफपी

जेरुसेलम । इजरायलले गाजाको सबैभन्दा ठूलो अस्पतालको प्रमुखसहित ५० भन्दा बढी बन्दीलाई रिहा गरेको छ । सात महिनाभन्दा लामो समयदेखि हिरासतमा रहेका अस्पतालका निर्देशक मोहम्मद अब् साल्मियासहित दर्जनौं प्यालेस्टिनी कैदीहरू सोमबार उपचारका लागि इजरायली सेनाले घेराबन्दी गरिएको गाजा क्षेत्रमा फर्केका हुन् ।



उहाँको रिहाइको पुष्टि इजरायलका राष्ट्रिय सुरक्षा मन्त्री इटामार बेन गवीर र गाजाको एक चिकित्सा स्रोतले सामाजिक सञ्जालमा गरेका छन् । सात महिनाभन्दा बढी हिरासतबाट मुक्त भएपछि उहाँले सोमबार आफूलाई इजरायलले 'यातना' दिएको बताउनुभयो ।

एक इजरायली मन्त्री र घेराबन्दी गरिएको क्षेत्रका चिकित्सा स्रोतका अनुसार अल-शिफाका अस्पताल निर्देशक साल्मिया ५० भन्दा बढी प्यालेस्टिनीमध्ये रिहा भई उपचारका लागि गाजा फर्किएका हुन् ।

निर्देशक साल्मियाले आफ्नो नजरबन्दको क्रममा 'गम्भीर यातना' दिइएको बताउँदै यातनाले गर्दा आफ्नो औंला भाँचिएको जानकारी गराउनुभयो । कैदीहरूलाई धेरै यातना दिइने बताउदै 'धेरै कैदीले खाना र औषधिबाट वञ्चित रहनुपरेको र उनीहरूको मृत्युसमेत हुने गरेको' उहाँले पत्रकार सम्मेलनमा उल्लेख गर्नुभयो । दुई महिनासम्म कुनै पनि कैदीलाई दिनको एक रोटीभन्दा बढी खान नदिएको बताउदै साल्मियाले कैदीलाई शारीरिक र मनोवैज्ञानिक अपमान गरिएको उल्लेख गर्नुभयो ।

इजरायली सेनाले अल-शिफामा छापा मारी साल्मियालगायत सयौँलाई नोभेम्बरमा हिरासतमा लिइएको थियो ।अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासको आक्रमणपछि इजरायलले गाजामा जवाफी आक्रमण गर्दा उहाँले काम गरेको अस्पताल लगातार छापा मारेर भग्नावशेषमा परिणत भएको छ ।साल्मिया र अन्य मुक्त कैदीहरू खान युनिसको पूर्वमा इजरायलबाट गाजा फर्किएको देइर अल-बलाहको अल अक्सा अस्पतालको चिकित्सा स्रोतले बताएको छ । पाँच जनालाई अल-अक्सा अस्पतालमा भर्ना गरिएको छ भने अन्यलाई खान युनूसको अस्पतालमा पठाइएको स्रोतले जनाएको छ । इजरायलले हमासलाई गाजा पट्टीका अस्पतालहरूलाई सैन्य अपरेसन र पूर्वाधारका लागि आवरणको रूपमा प्रयोग गरेको आरोप लगाएको छ भने यस क्षेत्रलाई चलाउँदै आएको हमास समूह र अस्पताल प्रशासनले आरोपको खण्डन गर्दै आएका छन् । मे महिनामा प्यालेस्टिनी अधिकार समूहले अल-सिफा शल्यचिकित्सकलाई हिरासतमा लिएपछि इजरायली जेलमा मृत्यु भएको बताएका थिए । इजरायली सेनाले मृत्युको बारेमा थाहा नभएको बताएको छ ।

युद्ध हमासको अक्टोबर ७ को आक्रमणबाट सुरु भएको थियो जसमा करिब एक हजार २०० व्यक्तिको मृत्यु भएको थियो ।हमासको नियन्त्रण क्षेत्र गाजास्थित स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार इजरायलको जवाफी कारबाहीमा हालसम्म अधिकांश नागरिकसहित कम्तीमा ३७ हजार ८७७ जनाको मृत्यु भएको छ ।

# चीनमा भारी वर्षाका कारण करिब दुई लाख व्यक्ति विस्थापित

सिन्ह्वा

हेफेई । पूर्वी चीनको अन्हुई प्रान्तमा परेको व्यापक वर्षाले आठ लाख ११ हजार बासिन्दालाई प्रभावित बनाएको छ भने एक लाख ९५ हजार मानिसहरूलाई बासस्थान बाहिर निकाल्न बाध्य पारेको स्थानीय अधिकारीहरूले आइतबार बताएका छन् ।



प्रान्तीय आपतकालीन व्यवस्थापन विभागका अनुसार आइतबार विहानसम्म, अन्हुईका छ प्रान्तीय शहर, ३५ काउन्टी तथा जिल्लाहरूमा वर्षाले भयानक क्षति पुर्‍याएको थियो ।चीनको सबैभन्दा लामो याङ्जी नदीको अन्हुई खण्डमा पानीको तह खतराको रेखाभन्दा बढी कायम भएको छ । मुसलधारे वर्षाका कारण प्रान्तका अन्य १९ वटा नदीमा पनि पानी सतर्कताका लागि तोकिएको तहभन्दा माथि पुगेको छ ।

पछिल्लो २४ घन्टादेखि प्रान्तको ठूलो भूभागमा भारी वर्षा हुदाँ २५८ वटा स्टेसनमा एक सय मिलिमिटरभन्दा बढी वर्षा भएको देखिएको छ । योमध्ये सबैभन्दा अधिकतम बर्षा २५५ मिलिमिटर थियो ।रासस

# दक्षिण अफ्रिका : राष्ट्रपति रामाफोसाद्वारा गठबन्धन सरकार गठनको घोषणा

एएफपी

जोहानेसबर्ग । दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले विभिन्न राजनीतिक दलका मन्त्रीहरू सम्मिलित नयाँ राष्ट्रिय कार्यकारी मन्त्रीमण्डलको आइतबार घोषणा गर्नुभएको छ । प्रमुख विपक्षी दलले थप मन्त्रीपदको माग गरेपछि लामो वार्ता लगभग असफल भएको अनुमानहरू भइरहेका समय राष्ट्रपति रामाफोसाले अन्ततः लामो समयदेखि प्रतिक्षा गरिएको संयुक्त सरकार गठन प्रस्तावको घोषणा गर्नुभएको हो ।

गत जुन १९ मा रामाफोसाले आफ्नो दोस्रो कार्यकालका लागि सपथ लिएको एक साताभन्दा बढी समयपछि यो घोषणा गरिएको हो । निर्वाचन उहाँको दल अफ्रिकन नेशनल कङ्ग्रेस (एएनसी) ले सरकार गठनका लागि आवश्यक बहुमत ल्याउन असफल भएपछि एएनसीले तीन दशकमा पहिलो पटक सत्ता साझेदारी गर्न बाध्य भएको छ ।

एएनसीले डेमोक्र्याटिक एलायन्स (डीए), इन्काथा फ्रिडम पार्टी, अजानियाको पान अफ्रिकनिस्ट काङ्ग्रेसजस्ता १० विपक्षी पार्टीहरू मिलेर संयुक्त सरकारको गठन भएको हो । रामाफोसाले अबेर राति टेलिभिजनमा सम्बोधन गर्दै अर्थतन्त्र र सरकारको स्थायित्व नयाँ मन्त्रीमण्डलका लागि सबैभन्दा ठूलो चिन्ताको विषय हुने बताउनुभएको थियो ।रासस

# कफी उत्पादक कृषकलाई अनुदान



काठमाण्डु । काभ्रेपलाञ्चोकको खानीखोला गाउँपालिकाले कफी उत्पादक कृषकलाई अनुदान उपलब्ध गराएको छ । 'कफीमा जसको उत्पादन, उसैलाई अनुदान' कार्यक्रमअन्तर्गत कृषकलाई अनुदान वितरण गरिएको हो ।

बागमती प्रदेश सामाजिक विकास मन्त्रालय र गाउँपालिकाको साझेदारीमा सञ्चालित गृहिणी महिला सशक्तिकरण कार्यक्रमअन्तर्गत महिलालाई उद्यमशील बनाउन सीपमूलक तालिम प्रदान गरिएको गाउँपालिकाका अध्यक्ष इन्द्रबहादुर थिङले बताउनुभयो । चालु आर्थिक वर्षमा कफी उत्पादक कृषकलाई समूहगत रुपमा रु २१ लाख अनुदान वितरण गरिएको उहाँले जानकारी दिनुभयो ।

अध्यक्ष थिङका अनुसार पालिकाले सामूहिक उत्पादनमा जोड दिँदै कृषक समूह बनाएर १९ समूहलाई अनुदान वितरण गरेको छ । उत्कृष्ट समूहमध्ये कोदाखोरिया कफी उत्पादन सहकारी संस्थाले एक वर्षमा १५ हजार चार सय ३४ केजी कफी उत्पादन गरेको पालिकाले जनाएको छ । उत्पादनका आधारमा उक्त सहकारीले रु चार लाख ६३ हजार ३३ अनुदान लिएको छ । खानीखोलामा वार्षिक ६६ हजार टन कफी उत्पादन हुने गरेको छ ।

कफी खेतीबाट वार्षिक रु चार करोडको आम्दानी लिने गरेको कृषक बताउँछन् । पालिकामा कफी उत्पादनको सम्भावना भएकाले 'कफीमा जसको उत्पादन, उसैलाई अनुदान' भन्ने नारालाई अघि सारेर प्रतिकेजी रु ३५ का दरले अनुदान दिँदै आएको अध्यक्ष थिङले बताउनुभयो । उहाँका अनुसार गत वर्षको तुलनामा यस वर्ष तीन गुणाले कफी उत्पादनमा वृद्धि भएको छ । गत वर्ष रु सात लाख अनुदान वितरण गरिएको थियो ।

गृहिणी महिलालाई घरमा बसेर पनि आम्दानीको स्रोत पहिल्याउन सहज बनाउने उद्देश्यले प्रदेश सरकारको सहयोगमा गृहिणी महिला सीपमूलक तालिम सम्पन्न गरिएको छ । प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र खानीखोला गाउँपालिकाको साझेदारीमा सञ्चालित महिला सशक्तिकरण कार्यक्रममा साबुन र सरफ बनाउने तालिम दिइएको अध्यक्ष थिङले बताउनुभयो । वडा नं ५ र ६ का महिलालाई लक्षित गरेर साबुन बनाउने तालिम र वडा नं ४ मा अचार बनाउने तालिम आयोजना गरिएको पालिकाले जनाएको छ । जागरण नेपालको आयोजनामा भएको तालिममा वडा नं ५ र ६ का ५० र अचार बनाउने तालिममा २५ जना महिलाको सहभागिता थियो । तालिमले उद्यमशील बनाउनाका साथै आयआर्जनमा वृद्धि गर्ने भएकाले आफूले सिकेको सीपलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्नेमा गाउँपालिका अध्यक्ष थिङले सहभागीलाई आग्रह गर्नुभयो । स्थानीय महिलाको माग र आवश्यकताका आधारमा स्थानीय उत्पादनमार्फत उद्यमशील बनाउने उद्देश्यले तालिम प्रदान गरिएको भन्दै तालिमपश्चात् महिला स्वरोजगार हुनाका साथै स्थानीय उत्पादनमार्फत आत्मनिर्भर बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले तालिमले खानीखोलाका महिला तथा कृषक समूहमा उत्साह छाएको बताउनुभयो । स्थानीय उत्पादन र सीपको मूल्याङ्कन गरी सहयोगी निकाय तथा पालिकाको समन्वयमा उत्पादनशील कार्यमा पालिका सधैँ साथमा रहने उहाँको भनाइ छ ।समापन कार्यक्रममा सामाजिक विकास संयोजक एवं वडा नं ४ का वडाध्यक्ष निशान मोक्तान र पूर्वाधार विकास संयोजक एवं वडा नं ५ का वडाध्यक्ष बुद्धिबहादुर स्याङ्तानले महिला र युवा जनशक्तिलाई उत्पादनमूलक कार्यमा व्यस्त बनाउन तालिम प्रदान गरिएको बताउनुभयो । आगामी दिनमा पनि यस्ता कार्यक्रमले निरन्तरता पाउने उहाँहरुको भनाइ छ ।रासस

# चलायमान बन्दै ठमेल र दरबारमार्गका व्यवसाय



काठमाण्डु । ठमेल र दरबारमार्ग चौबिसै घण्टा खुला गरिएसँगै त्यस क्षेत्रको अर्थतन्त्र चलायमान भएको छ । ठमेल पर्यटन विकास परिषद् र दरबारमार्ग पर्यटन बोर्डको संयुक्त आयोजनामा नयाँ वर्ष २०८१ का दिन उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेद्वारा ठमेल र दरबारमार्ग २४सै घण्टा खुला रहने घोषणा गरिएको थियो ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँले ठमेल र दरबारमार्गलाई २४ सै घण्टा सञ्चालन गर्न आचारसंहिता बनाइ कार्यान्वयनमा ल्याएको हो । कार्यान्वयनमा आएसँगै ठमेलभित्रका होटल, रेष्टुरेन्ट, क्लब, दोहोरी, कफी सप, बर्गर हाउस, मार्ट, किराना पसल, मदिरा पसल, फलफूल पसल २४ सै घण्टा खुल्न थालेका थिए ।

ठमेलमा फलफूल पसल सञ्चालन गर्दै आउनुभएका राज जयसवाल रात्रिकालीन समयमा फलफूल र जुसको राम्रो व्यापार हुने बताउनुहुन्छ । "दिनको तुलनामा रातको समय दोब्बर बिक्री हुँदै आएको छ," उहाँले भन्नुभयो । ठमेलमा मदिरा सञ्चालन गर्दै आउनुभएका राजेन्द्र श्रेष्ठले पनि आफ्नो आम्दानी विगतभन्दा दोब्बरले वृद्धि भएको बताउनुभयो । रातको समयमा भोक लागेका व्यक्ति होस् या चिया कफीको पारखी हुन् ठमेल र दरबारमार्गमा सहजै भोक र प्यास मेटाउन सक्ने व्यवसायी बताउँछन् ।

ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्मा ठमेलको रात्रिकालीन व्यवसायले विस्तारै लय लिएको बताउनुहुन्छ । "सुरुको समयमा ठमेलमा व्यापार व्यवसाय गर्न निश्चित समय तोकिएको थियो, २४ सै घण्टा सञ्चालन भएसँगै व्यवसायी निर्धक्क भएर व्यवसाय गर्न पाएका छन्," उहाँले भन्नुभयो ।

अध्यक्ष शर्माले अर्को सिजनमा ठमेलका अधिकाशं रात्रिकालीन सपिङ सेन्टरहरु खुल्ने र राती दुई बजेसम्म ठमेल 'बिजनेश हब'का रुपमा चलायमान हुने बताउनुभयो । ठमेलभित्र १० हजारभन्दा बढी व्यवसायी तथा घरबेटी छन् । यस क्षेत्रले झण्डै एक लाख व्यक्तिलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ ।

रेष्टुरेन्ट एण्ड बार एशोसियशन नेपाल (रेवान) का अध्यक्ष सङ्घर्ष विष्ट ठमेल र दरबारमार्ग क्षेत्रलाई २४सै घण्टा सञ्चालन गर्नु सकारात्मक भएको बताउनुहुन्छ । "ठमेल र दरबारमार्गभित्रको अर्थतन्त्रलाई चलायमान बनाउन यस किसिमका गतिविधिले सहयोग पुग्नेछ," उहाँले भन्नुभयो । रेवानमा आवद्ध रेष्टुरेन्ट तथा बार अर्को पर्यटकीय सिजनबाट २४सै घण्टा सञ्चालन गर्ने अध्यक्ष विष्टको भनाइ छ । जिल्ला प्रशासनले ठमेल र दरबारमार्ग क्षेत्रलाई रात्रिकालीन समयमासमेत सुरक्षा व्यवस्था मजबुद बनाएको छ ।

ठमेल र दरबारमार्ग क्षेत्र सञ्चालन गर्न तयार गरिएको विशेष सुरक्षा योजनाभित्र पर्यटक प्रहरीलाई व्यवस्थित र प्रभावकारी बनाइने उल्लेख छ । ठमेलभित्र व्यवसायी मात्रै नभइ स्थानीय बासिन्दाको पनि बसोबास भएकाले कुनै असर नपर्नेगरी व्यवस्था मिलाइएको छ । जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) बसन्त रजौरे ठमेल र दरबारमार्गको सुरक्षा अवस्थालाई मजबुद बनाइएको बताउनुहुन्छ । "रात्रिकालीन व्यवसायको सिलसिलामा हुनसक्ने आपराधिक गतिविधि रोक्न सादा पोशाकमा प्रहरी परिचालन गरेका छौँ," उहाँले भन्नुभयो ।रासस

# किसान टिम्मुरखेतीतर्फ आकर्षित



गलेश्वर । म्याग्दीको बेनी नगरपालिका-३ मुसुङका लालबहादुर घर्ती यतिखेर खेतमा रोपाइँ गर्दै हुनुहुन्छ । रोपाइँमा व्यस्त भए पनि उहाँको ध्यान भने पाखो र खेत नजिकैको खाली जग्गामा लगाएको टिम्मुरका बोटमा पुगेको देखिन्छ ।

घर्तीले आफ्नै बारीमा नर्सरी स्थापना गरेर टिम्मुरका बिरुवा उमारी बिक्री गर्दै आउनुभएको छ । डिभिजन वन कार्यालय, उद्योग वाणिज्य सङ्घलगायत सङ्घसंस्थाको पहलमा प्राविधिक तालिम लिएर स्थापना गरिएको नर्सरीबाट रु २५ मा प्रतिबिरुवा बिक्री हुने गरेको घर्तीले जानकारी दिनुभयो ।म्याग्दीमा टिम्मुरखेती व्यावसायिक बन्दै गएको छ ।

खेतबारीका कान्ला र बाँझो जग्गामा मात्रै होइन खेतीयोग्य जमिनमा पनि अरू खेती छोडेर यहाँका किसानले टिम्मुरखेती गर्न थालेका छन् । बेनी वडा नं ३ भकिम्ली, वडा नं ९ घतान, तोरीपानी र वडा नं १० पात्लेखेतसहित मालिका, मङ्गला र अन्नपूर्ण गाउँपालिकामा व्यावसायिकरुपमा टिम्मुरखेती गरिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

अन्य अन्नबाली छाडेर खेतबारी, निजी तथा सामुदायिक वनमा टिम्मुरखेती गर्न थालिएको कार्यालयका सहायक वन अधिकृत एवं टिम्मुरविज्ञ चन्द्रमणि सापकोटाले जानकारी दिनुभयो । एक दशकअघिसम्म त्यत्तिकै खेर गइरहेको टिम्मुरको पछिल्लो समय स्वदेश तथा विदेशबाट अत्यधिक माग हुन थालेपछि यहाँका किसान टिम्मुरखेतीमा आकर्षित भएका उहाँको भनाइ छ ।

जिल्लामा २० समूह गठन गरी टिम्मुरखेती विस्तार भइरहेको डिभिजन वन कार्यालयले जनाएको छ । टिम्मुरविज्ञ सापकोटाले सामुदायिक वनमा रहेको टिम्मुर आर्थिक अवस्था कमजोर भएका र एकल महिलाले सङ्कलन गरेर बिक्री गर्ने गरेका बताउनुभयो । पाँच वर्ष अघिसम्म ६० घरधुरीले टिम्मुरखेती गरेकामा अहिले करिब एक सय ५० घरधुरीले टिम्मुरखेती गरिरहेका उहाँले जानकारी दिनुभयो ।

टिम्मुरखेतीलाई प्रोत्साहन गर्न जिल्लास्थित उद्योग सङ्घले विभिन्न किसिमका औजारसहित तालिममा सहयोग गरिरहेको छ । 'एक गाउँ एक उत्पादन'अन्तर्गत तोरीपानीसहित विभिन्न गाउँमा १९ हजार पाँच सय बिरुवासहित प्राविधिक सहयोग गरिएको सङ्घले जनाएको छ ।जिल्लामा किसानले टिम्मुर प्रशोधन गर्ने औजारसमेत ल्याएका छन् । तोरीपानीका नीलपहरा सामुदायिक वन उपभोक्ता समूहले टिम्मुर सुकाउने, प्रशोधन गर्ने, तौलने, मसला बनाउने औजार खरिद गरेको छ । वन डिभिजन कार्यालयको रु १० लाख अनुदानमा ती औजार खरिद गरिएको स्थानीय टेकबहादुर चोखालले बताउनुभयो ।

तोरीपानी गाउँबाट वार्षिक छ हजारको हाराहारीमा बिरुवा जिल्लाबाहिर बिक्री हुने गरेको छ । एकजना किसानले छ किलोदेखि माथि टिम्मुर उत्पादन गर्दै आइरहेका छन् । प्रशोधन औजारको प्रयोगसँगै मसला बनाई बजारमा बिक्री गर्न, मिसावट रोक्न, गाउँकै 'ब्रान्ड'लाई स्थापित गर्नलगायत बजारीकरणमा सहज भएको कृषक समूहले जनाएको छ । जिल्लामा वार्षिक पाँच हजार किलो टिम्मुरको माग भए पनि वार्षिक तीन हजार किलो मात्र उत्पादन हुने अनुमान गरिएको छ । यहाँको टिम्मुर विदेशमा समेत निर्यात हुने गरेको छ ।

म्याग्दीका गाउँमा फलेको टिम्मुर स्वादिलो हुने भएकाले पनि व्यापारी गाउँमै पुग्ने गरेका बेनी-३ मुसुङका अगुवा कृषक लालबहादुर घर्तीले बताउनुभयो । उहाँका अनुसार गाउँबाटै प्रतिकिलो रु एक हजार छ सयदेखि रु दुई हजारसम्ममा बिक्री हुने गरेको छ ।रासस

# किसानलाई अनुदानमा मोटर बोरिङ

नेपालगन्ज । सिँचाइको पहुँच नभएका बाँकेका सबै स्थानीय तहमा किसानले ७५ प्रतिशत अनुदानमा मोटर बोरिङको सुविधा लिएका छन् । करिब चार सय बोरिङ माग भएको जिल्लामा तीन सय ५० बोरिङ वितरण भएको कृषि ज्ञान केन्द्रका प्रमुख सकिल अहमदले जानकारी दिनुभयो ।

उहाँले अधिकांश सम्झौता भएर वितरण भएको जनाउँदै केही अझै बाँकी रहेकाले वितरण जारी रहेको बताउनुभयो । "जहाँ सिँचाइको अभाव छ र त्यहाँ बढी माग आएको छ", प्रमुख अहमदले भन्नुभयो ।

उहाँले कतिपय स्थानमा बोरिङका लागि प्रक्रिया अघि बढ्दा पानीको सतह नभेटिएकाले चट्टान र बालुवा मात्र भेटिएको उल्लेख गर्दै बोरिङ वितरणका लागि अझै केही दिन लाग्ने बताउनुभयो । बाँकेमा वर्षाको समयमा पनि पर्याप्त पानी नआउँदा यहाँको बर्खे धानखेती प्रभावित भएको छ ।

कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा अहिलेसम्म दुई प्रतिशत मात्रै रोपाइँ भएको छ । जिल्लाको सबैभन्दा बढी डुडुवा गाउँपालिका र सबैभन्दा कम कोहलपुर नगरपालिकामा सो बोरिङको माग भएको छ । यसबाहेक नरैनापुर गाउँपालिका, नेपालगन्ज उपमहानगरपालिका तथा खजुरा, राप्तीसोनारी र बैजनाथ गाउँपालिकामा पनि किसानले अनुदानमा बोरिङको सुविधा लिएका छन् । एउटा बोरिङका लागि रु ५० हजार लागत रहेको छ ।

**वडास्तरमा मोटर बोरिङ जडान**

सिँचाइको पहुँच नभएको नेपालगन्ज-१८ का किसानका लागि वडास्तरमा मोटर बोरिङ जडान गरिएको छ । वडाध्यक्ष दीपककुमार बर्माले विभिन्न चरणमा हालसम्म ६५ थान मोटर बोरिङ जडान गरिएको जानकारी दिनुभयो । उहाँले आफू अघिल्लो कार्यकालमा पनि वडाध्यक्षको जिम्मेवारीमा रहेकाले किसानको न्यूनतम राहत कार्यक्रमअन्तर्गत खेतीयोग्य जमिन भएका किसान छनोट गरी मोटर बोरिङ जडान गर्ने कार्यक्रम अघि सारेको बताउनुभयो ।

बर्माले नहरमा पानी सुक्ने र मनसुन नहुँदा ब्याड राख्न र तरकारी खेतीका लागि सो बोरिङ सहयोगी हुने भएकाले यस्तो नीति अघि सारिएको बताउनुभयो । उहाँले किसानले मोटरसँगै विद्युत्को माग पनि गरेका जनाउँदै डिजलको भरमा सिँचाइ गर्दा महँगो खेती हुने भएकाले विद्युत् जडानको माग गरेको जानकारी दिनुभयो । उहाँले त्यसका लागि विद्युत् प्राधिकरणलाई सिफारिस गर्ने गरेको बताउनुभयो ।

आफ्नो वडा बहुसंख्यक किसान बसोबास गर्ने भएकाले उनीहरूका लागि आवश्यक राहत कार्यक्रम पहल पनि भइरहेको वडाध्यक्ष बर्माको भनाइ छ । "सरकारी अनुदानको प्रभावकारी व्यवस्था नहुँदा किसान निराश अवस्थामा छन्", उहाँ भन्नुहुन्छ ।रासस

# कुमाल टोलको आम्दानीको स्रोत माटोका सामग्री



काठमाण्डु । भक्तपुर नगरपालिका-४, कुमाल टोलका स्थानीय बासिन्दाको मुख्य पेशा माटोको भाँडा बनाउने हो । माटोका भाँडा बनाउने परम्परागत पेशाबाटै यहाँका स्थानीयले घर व्यवहार चलाउनेदेखि छोराछोरी पढाउँदै आएका छन् ।

पछिल्ला समय बजारमा स्टिल, सिलाबर र प्लाष्टिकका सस्तो र सजिला सामाग्री उपलब्ध छ । तरपनि परम्परागत माटोका सामग्री खोज्न आउने अझै यहाँ आउने गरेको स्थानीयको भनाइ छ । माटोका घैंटो, दियो, खुत्रुके, विभिन्न किसिमका मूर्तिहरुको माग बढ्दै गएको उनीहरु बताउँछन् । कुमाल टोलका स्थानीयहरु पहिले अन्य जिल्ला पुगेर महिनौं सम्म भाँडा बनाउँथे र ज्यालाको रुपमा धान, गहुँ, मकै ल्याउथेँ । अहिले अन्य जिल्लाका मानिस आफैं यहाँ आउँछन् र मन परेको सामान खरिद गरेर लैजान्छन् ।

कुमाले टोलका तुलसीराम प्रजापतिको पुर्ख्यौली पेसा माटोको भाँडा बनाउने हो । पुर्स्तौंपुस्तादेखि गर्दै आएको माटोको भाँडा बनाउने पेसाबाट राम्रो आम्दानी हुने उहाँले बताउनुभयो । यही पेशाबाट भएको आम्दानीले उहाँले स्नातकोत्तर तहसम्म चार जना छोराछोरी पढाउनुभयो । "यही पेशाले घरखर्च चलाउनेदेखि छोराछोरी पढाउने सबै गरेको छु, मेरा लागि यो पेसा एकदमै प्यारो छ," उहाँले भन्नुभयो ।

माटोका सामग्रीमध्ये खुत्रुके, गमला, पाला, सानो लोटा धेरै मात्रामा बिक्री हुने सामग्री हुन् । विभिन्न देवीदेवताका मूर्ति, पशुपक्षीका मूर्ति सजावटमा प्रयोग हुने माटोको फूलदानी, मन्दिर, प्लेट, कचौरा जस्ता सामग्रीको पनि माग उत्तिकै छ । पहिले सूर्यविनायक, सिपाडोल, चाँगुनारायणमा माटो उपलब्ध हुने भएपनि अहिले उपयुक्त माटो लिन काठमाडौँको साँखु र काभ्रेपलाञ्चोकको धुलिखेल वा दाङसम्म पुग्नुपर्छ । प्रतिकिलो रु ५० तिरेर गाडीमा माटो ल्याउनुपर्ने उहाँले जानकारी दिनुभयो ।

माटाका सामग्री बनाउन चाम्रो र चिल्लो माटो चाहिन्छ । माटोलाई एक ठाउँमा ल्याएर मुछ्ने काम हुन्छ, माटोमा रहेका अनावश्यक तत्व (माटोको डल्लो, ढुङ्गाको टुक्रो) छुट्याइन्छ । पहिले-पहिले माटो खुट्टाले मुछ्ने गरिन्थ्यो । अहिले मेसिनले गर्दा छिटो तयार हुने र सजिलो हुने गर्छ । पहिले जस्तो चाखा अथवा चर्खा पनि हातले चलाउन नपर्ने मोटरले चल्ने भएकाले भाँडा बनाउन सजिलो भएको छ ।

सोही वडाका वडाध्यक्ष उपेन्द्र सुवाल माटोका भाँडा बनाउने कुमाले टोलको व्यवसाय वातावरणमैत्री र आम्दानीका हिसाबले पनि सन्तोषजनक भएको बताउनुहुन्छ । उहाँले यस किसिमको उद्योगले पर्यटनमा पनि टेवा पुऱ्याएको बताउनुभयो । उहाँका अनुसार कुमाले टोलको व्यवसाय आर्थिक रुपमा मात्र नभइ धार्मिक, सांस्कृतिक हिसाबले पनि महत्वपूर्ण छ । नेवार समुदायमा व्रतबन्ध, बेलविवाह, सूर्य दर्शन, विवाह, न्वारान र मरणमा माटोको भाँडा चाहिने भएकाले माटोका भाँडाको व्यवसाय सांस्कृतिक रुपमा महत्वपूर्ण मानिन्छ । पर्यटकहरु माटोका भाँडा बनाउने तरिका हेर्न र अध्ययन गर्न आउने गरेको उहाँले बताउनुभयो ।

कुमाले टोलका अर्का स्थानीय विनोदकुमार प्रजापति पेसागत रुपमा खेलाडी र राष्ट्रिय कोच हुनुहुन्छ । २०-२५ वर्ष खेल क्षेत्रमा लागेपछि अहिले खेल छाडेर पूर्ख्यौली पेसामा संलग्न हुनुभएको छ । उहाँले विसं २०६८ देखि पसल सुरु गर्नुभएको हो । माटोको भाँडा बनाउनुका साथै भाँडा बनाउने तालिम पनि उहाँले दिने गर्नुभएको छ । रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### हकदाबी बारे ३५ दिने सूचना

यसमा जिल्ला रौतहट साविक गाविस बन्जरहा वडा न.८ हाल ईशनाथ न.पा.वडा न. १ बस्ने गणेश महरा चमारको नाती छठ्ठु महरा चमारको छोरा अकलु महरा चमार,बीरेन्द्र महरा,सुरेन्द्र महरा चमार,रामा महरा चमार र हरेन्द्र महरा चमार समेतले बुवा नाता पर्ने छठ्ठु महरा चमारको नाउँमा दर्ता कायम रहेको तपसिलको जग्गाको नामसारी माग गरेको संलग्न इशनाथ न.पा.१ को च.न.९ मिति २०८०।४।७ गतेको सिफारिस सहित नामसारी माग गरेकोमा मोठ भिडान हुदा जग्गाबाला छठ्ठु महरा चमार मात्र उल्लेख रहेको अर्को किताबहरुमा बन्जरहामा दर्ताबाला छठ्ठु महरा चमार वडा न.मात्र उल्लेख रहेको कुनै ठेगाना नभएको तर दुबैमा १ न. नभएको तथा तीन पुस्ते उल्लेख नरहेको भनी मोठ फाँटबाट लेखि आएकोमा यस कार्यालयको मिति २०८१।२।२१ आदेशानुसार नामसारीको हकदाबी बारे ३५ सूचना जारी गरेको छ । अन्य कसैलाई असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए यो सूचना जारी भएको ३५ दिन भित्र आफु रीतपुर्वक वा वारिस मार्फत यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला सूचना कानुन बमोजिम नामसारी भई जानेछ ।

| क्रस | जिल्ला | गाविस | वडा न. | कि.न. | ज.वि. | दर्तावाला |
|---|---|---|---|---|---|---|
| १ | रौतहट | औरैया | ५ | ५६४ | ०-०-५ | नाम : छठ्ठु चमार<br>ठेगाना बन्जरहा |
| २ | रौतहट | बन्जरहा | ३ | ९२ | ०-०-५ | नाम : छठ्ठु महरा चमार<br>ठेगाना : बन्जरहा ९ |
| ३ | रौतहट | बन्जरहा | ४ | ३३९ | ०-१-१३ | |
| ४ | रौतहट | बन्जरहा | ५ | २९१ | ०-०-१३ | |



## जनकपुरधाम उपमहानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०३/१८

यस कार्यालयबाट तपसिलका खरिद कार्यका लागि प्रकाशित बोलपत्र सम्बन्धि सूचना बमोजिम रितपुर्वक ई-विडिङ्गबाट प्राप्त भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कन सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | योजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित बोलपत्रदाताको नाम र ठेगाना | भ्याट सहित कबोल रकम (ने.रु.) |
|---|---|---|---|---|
| १ | Supply and delivery of Medicine in JSMC | NCB/04-2080/81GoodsJSMC | Chunchun Pharmacy Ramghat-10, Pokhara | २०,५५,०७३।६९ |

प्रमुख प्रशासकीय अधिकृत

# बम्जनलाई १० वर्ष कैद, पाँच लाख क्षतिपूर्ति ठहर



**टुडे समाचारदाता**

मलंगवा । बालयौन दुराचारमादोषीठहरभएकारामबहादुर बम्जनलाई १० वर्ष कैद तथा ५ लाख रुपैयाँ क्षतिपूर्ति भराउने फैसला भएको छ।

सर्लाही जिल्ला अदालतका न्यायाधीश जीवन कुमार भण्डारीको इजलासले सोमबार अभियुक्त बम्जनविरुद्ध कैद र क्षतिपूर्ति भराउने फैसला गरेको अदालतका स्रेस्तेदार सदन अधिकारीले जानकारी दिए।

यस अघि गत असार १० गते भण्डारीकै इजलासले तपस्वी बम्जनलाई कसुरदार ठहर गरेको थियो । सोमबारको इजलासले पूर्ण फैसला गरेको छ। अभियुक्त बम्जनविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मलंगवाले भने १२ देखि १४ वर्ष सम्म कैद सजाय एवं पीडित परिवारलाई क्षतिपूर्तिको समेत माग दाबीसहित अभियोग पत्र दायर गरेको थियो।

जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद रेग्मीको इजलासले गत पुस २६ गते पुर्पक्षका लागि कारागार चलानको आदेश दिएपछि बम्जन अहिले महोत्तरीस्थित जलेश्वर कारागारमा छन्।

जिल्ला अदालतले २०७७ साल असार २१ गते जारी गरेको पक्राउ पुर्जीका आधारमा बम्जनलाई काठमाण्डुको बुढानिलकण्ठबाट गत पुस २४ गते मंगलबार साँझ सीआईबीको टोलीले पक्राउ गरेको थियो । भने २०७६ माघ २३ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा बम्जन विरुद्ध जाहेरी परेको थियो।

# बस दुर्घटना हुँदा १५ जना घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा जन्ती सवार बस दुर्घटना हुँदा १५ जना घाइते भएका छन् । धनुषाको पूर्व-पश्चिम राजमार्ग अन्तर्गत धनुषाको गणेशमान चारनाथ नगरपालिका ८ स्थित पोर्ताहामा राति ९ बजे जन्ती सवार ना ४ ख ४४९२ नम्बरको बस दुर्घटना भएको थियो।

सर्लाहीबाट जन्ती लिएर लहान जाँदै गरेको बस सडक छेउमा पल्टिँदा १५ जना घाइते भएको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ।

ढल्केवर प्रहरीले दिएको जानकारी अनुसार घाइते मध्ये एकजना मध्यम र अन्य सबै सामान्य घाइते रहेका थिए। उनीहरुको गोदार स्थित रिया पोलिक्लिनिकमा उपचार पश्चात कतिपय घर फर्किसकेको प्रहरीले जनाएको छ। सो दुर्घटना पश्चात फरार बस चालकको खोजी र घटना विषयमा थप अनुसन्धान गरिरहेको ढल्केवर प्रहरीले जनाएको छ।

# प्राचीन मठेश्वरनाथ मन्दिरको अवशेष उत्खनन हुँदै

**महोत्तरीको जलेश्वरमा जलेश्वरनाथ मन्दिर, धनुषाको क्षीरेश्वरमा क्षीरेश्वरनाथ मन्दिर, धनुषाकै गोविन्दपुरमा मठेश्वरनाथ मन्दिर र भारत बिहार राज्यको काल्याणेश्वरमा कल्याणेश्वरनाथ मन्दिरको निर्माण गरेको थियो । जसमध्ये जलेश्वरनाथ, क्षीरेश्वरनाथ र कल्याणेश्वरनाथ मन्दिरमा पूजापाठ भइरहे पनि मठेश्वरनाथ मन्दिरको अवशेष नै संकटमा रहँदा सो मन्दिरबारे विभिन्न ठाउँमा चर्चा हुँदै आएको थियो ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । प्राचीन मिथिलाको राजा जनकले राजधानी जनकपुरधाम क्षेत्रको चार किल्लाको रुपमा चार वटै दिशामा महादेवको मन्दिर छ। सो मध्ये एक मन्दिरको बारेमा अन्योल रहेको छ।

राजा जनकले मिथिलाको राजधानी जनकपुरधामको सम दूरीमा चारवटा मठ निर्माण गरेका थिए।

महोत्तरीको जलेश्वरमा जलेश्वरनाथ मन्दिर, धनुषाको क्षीरेश्वरमा क्षीरेश्वरनाथ मन्दिर, धनुषाकै गोविन्दपुरमा मठेश्वरनाथ मन्दिर र भारत बिहार राज्यको काल्याणेश्वरमा कल्याणेश्वरनाथ मन्दिरको निर्माण गरेको थियो। जसमध्ये जलेश्वरनाथ, क्षीरेश्वरनाथ र कल्याणेश्वरनाथ मन्दिरमा पूजापाठ भइरहे पनि मठेश्वरनाथ मन्दिरको अवशेष नै संकटमा रहँदा सो मन्दिरबारे विभिन्न ठाउँमा चर्चा हुँदै आएको थियो।

सोही क्रममा धनुषाको सबैलामा नगरपालिकामा मठेश्वरनाथ मन्दिरको अवेशष फेला परेको भन्दै उत्खनन कार्य जारी रहेको छ।

सबैला नगरपालिका- ६ स्थित गोविन्दपुरमा प्राचीन मठेश्वरनाथ मन्दिर भनिएको स्थानमा उत्खनन कार्य दश दिन देखि भइरहेको छ । पुरातत्व विभागका पुरातत्वविद् प्रकाश दर्नालसहित तीन सदस्यीय टोलीले असार ७ गतेदेखि सो मन्दिरको अवशेष उत्खनन कार्य गरिरहेको छ।



स्थानीयका अनुसार पुरातत्व विभागले उत्खनन कार्य गरिरहेको स्थानमा मठेश्वरनाथ मन्दिर रहेको दाबी गर्दै आएको छ। यस मन्दिरको बारेमा विभिन्न धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ।

पुरातत्वविद् दर्नालले भग्नावशेष हेर्दा करिब नौ सय वर्ष पुरानो मन्दिरको अवशेषसहितको स्वरूप देखिएको बताए। मठेश्वरनाथ मन्दिर नै हो भनेर भन्न नसकिने बताउँदै उनले उत्खननको क्रममा एउटा ढुंगामा लिच्छवी लिपिमा लेखिएको अक्षर फेला परेको बताए । ढुंगामा लेखिएको लिच्छवी लिपि अक्षरको शब्द 'मना' रहेको उनले बताए।

पश्चिमतर्फ मन्दिरको प्रवेश गर्ने द्वार रहेको यसको संरचनाबाट प्रस्ट हुन्छ । त्यसैले पहिला प्रवेशद्वारबाटै उत्खनन सुरु गरिएको भन्दै पुरातत्वविद् दर्नालले भने, 'भग्नावशेषको माथिल्लो भागमा सिमेन्ट र निकै पुराना ईटा र सोको तल्लो भागमा ठुल्ठुला ढुंगा एकआपसमा 'इन्टर लक' गरिएको अवस्थामा भेटिएको छ।

ढुंगा प्राचीन समयको जस्तो देखिए पनि ईटा कहाँबाट ल्याइएको हो त्यसको बारेमा पनि अनुसन्धान गरिने उनले बताए। मिथिलाको सभ्यता काठमाण्डुभन्दा पनि पुरानो भएकाले यहाँ जे पनि भेटिन सक्ने उल्लेख गर्दै पुरातत्व विभागले पूर्वमा कोशी र पश्चिममा गण्डकीसम्म प्राचीन मिथिलाको क्षेत्र भएको उनले बताए।

उनले भने, 'यो मन्दिर प्राचीन त प्राचीन नै हो। यहाँ मिथिला, मौर्य, गुप्त र बज्जी संघको सभ्यता लुकेको छ। त्यसैले अन्तिम अध्ययन नसकिएसम्म यही नै हो भन्न सक्ने अवस्था अहिले नै छैन।'

स्थानीय ७० वर्षीय विन्देश्वर यादवले एक जना अघोरी बाबासंग आएका झोपेले यो ठाउँमा खन्न लगाएको बताए। मन्दिर खनेर ढुंगाहरू छरपस्ट बनाएपछि स्थानीयको दबाबमा मन्दिर नजिक रहेको इनारबाट ईटा झिकेर माथिबाट ईटा जडान गरिदिएको उनले बताए।

मठेश्वरनाथ मन्दिर भनिएको स्थानमा अहिले पनि ठुल्ठुला ढुंगा छ । गाउँका कतिपयले सिलौटा बनाउन, मूर्ति स्थापनाका लागि तथा अन्य प्रयोगका लागि यहाँबाट ढुंगा लगिसकेका छन् । सोही मन्दिरको दक्षिणपूर्वमा इनार थियो। सो इनार अहिले पुरिएको छ। मन्दिरभन्दा पश्चिम एउटा पोखरी थियो। त्यो पोखरी पनि अहिले पुरिएर खेतमा परिणत भएको उनले स्मरण गरे।

सबैला नगरपालिकाका मेयर कारीराम यादवले पुरातत्व विभागले यस ठाउँमा प्राचीन मठेश्वरनाथ मन्दिर रहेको प्रमाणित गरिदिएमा यस ठाउँलाई धार्मिक पर्यटन क्षेत्रको रूपमा विकास गर्ने योजना रहेको बताए। यस ठाउँको विकासका लागि विगत दुई आर्थिक वर्षदेखि नगरपालिकाको नीति तथा कार्यक्रममार्फत समेत समेट्दै आएको उनले बताए।

मिथिला माध्यमिकी परिक्रमाको क्रममा कतिपय ज्येष्ठ नागरिक तथा सन्तहरु चार दिशामा रहेको महादेव मन्दिरको परिक्रमा गर्ने बेलामा सबैला स्थित गोविन्दपुरमा रहेको सो मन्दिरको समेत दर्शन तथा पूजापाठ गर्ने गरेको उनले बताए।

# प्रदेश लोकसेवा आयोगलाई व्यवस्थित गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । महिनौंदेखि लथालिंग अवस्थामा रहेको प्रदेश लोक सेवा आयोगलाई व्यवस्थित बनाउन मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंह सक्रिय छन् । प्रदेश लोक सेवा आयोगको काम कर्तव्यलाई लिएर परिक्षार्थी र जनगुनासो आउन थालेपछि मुख्यमन्त्री सिंह सक्रिय भएका छन्।

प्रदेश लोक सेवा आयोगलाई व्यवस्थित गर्न सोमबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मुख्यमन्त्री सिंहको अध्यक्षतामा सिफारिस समितिको बैठक सम्पन्न भएको छ । सो बैठकबाट आयोगको रिक्त रहेको पदाधिकारी नियुक्ति प्रक्रिया अगाडि बढाएको मुख्यमन्त्री सचिवालयले जनाएको छ।

विगत लामो समयदेखि आयोगको अध्यक्ष र एक सदस्य रिक्त रहेको छ। पदाधिकारी रिक्त रहँदा आयोगको परीक्षा नतिजा तथा नयाँ कर्मचारी भर्ना प्रक्रिया ठप्प छ।

प्रदेशमा अध्यक्ष एक र दुई सदस्य गरी




तीन जनाको प्रदेश लोकसेवा आयोग रहने आयोगको ऐन २०७६ दफा ३ को उपदफा १ मा व्यवस्था गरेको छ। अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्ष तोकेको छ । सोही अनुसार अध्यक्ष र सदस्यलाई नियुक्ति गरिएको थियो। तर उमेर हद नाघेको कारण अध्यक्ष सुरेन्द्रप्रसाद यादव २०८० फागुन २२ गते अवकाश भएको आयोगका कार्यालयले जनाएको छ।

सो आयोगका अर्का सदस्य महारुद्र झा पनि उमेर हद नाघिसकेका कारण २०७९ पुस ३ गते अवकाश भएका थिए । आयोगका पदाधिकारीमा डा. सुजाता देव मात्रै एक जना सदस्य छन्।

# सिद्धार्थ बैंकमा आगलागी

**टुडे समाचारदाता**

वीरगञ्ज। वीरगञ्जस्थित सिद्धार्थ बैंकमा भिषण आगलागी भएको छ। वीरगञ्जस्थित आर्दशनगरस्थित रहेको बैंकको शाखामा सोमबार अपरान्हदेखि आगलागी सुरु भएको थियो। बैंकको माथिल्लो तल्लामा अचानक आगो लागेको पर्सा प्रहरीले जनाएको छ।

सो आगलागी नियन्त्रणका लागि ७ वटा दमकलको सहयोग लिइएको वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरीक्षक पुष्कर बोगटीले जनाए। आगलागी नियन्त्रणमा आएको उनले बताए।

वीरगञ्ज महानगरपालिका, नेपाल प्रहरी, पोखरीया नगरपालिका र सिमराबाट आएको दमकलले आगो नियन्त्रणमा लिने प्रयास भइरहेको उनले बताए। उनले बताए अनुसार आगलागीका कारणबारे भने खुल्न सकेको छैन। घटनाबारे विस्तृत विवरण आउन बाँकी रहेको उनको भनाइ छ।

# एमालेमै फर्किए पूर्वमन्त्री जितेन्द्र देव

**टुडे समाचारदाता**

काठमाण्डु । पूर्वमन्त्री एवं राष्ट्रियसभाका सांसद जितेन्द्रनारायण देव नेकपा एमालेमै फर्किएका छन्।

काठमाण्डुस्थित पार्टी मुख्यालयमा आयोजित कार्यक्रममा पूर्वमन्त्री देव, रामप्रीत राम, इकबाल अहमद शाहलगायतका नेता एमालेमै फर्किएका छन्।

उनीहरूलाई अध्यक्ष केपी शर्मा ओलीले टीका र खादा लगाएर स्वागत गरेका थिए। पार्टी प्रवेश कार्यक्रममा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवालीलगायतका एमालेका नेताहरुको उपस्थिति रहेको थियो।



विष्णुबहादुर मानन्धर नेतृत्वको नेकपा फेडरेशनबाट राजनीति थालेका पूर्वमन्त्री देव नेकपा एमालेमा लामो समय केन्द्रीय नेतृत्वमा थिए। उनी २०५४ मा वामदेव गौतम गृहमन्त्री भएका बेला उच्चस्तरीय नागरिकता सुझाव कार्यदलको संयोजकसमेत थिए।

एमाले विभाजनपछि नेकपा मालेमा लागेका देव मधेश आन्दोलनपछि मधेशी जनअधिकार फोरम हुँदै फोरम लोकतान्त्रिकबाट मन्त्री बनेका थिए । उनी संविधानसभाको दोस्रो कार्यकाल सकिएपछि नेपाली कांग्रेसमा प्रवेश गरेर ६ वर्ष राष्ट्रियसभा सदस्य थिए। करिब १७ वर्षपछि देव पुनः एमालेमै फर्किए।

मधेश सरकार
उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
भुमिगत, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
बिरगंज, पर्सा, नेपाल

जनहितमा जारी सूचना

- शिवालिक–चुरे क्षेत्रभित्रका नदीहरुलाई एक आपसमा जोड्ने योजना (River Linking Project) को अध्ययन अनुसन्धान गरी सम्भाव्य भएका बहुउद्देश्यीय आयोजना (खानेपानी, सिंचाई नहर, भूमिगत जल पुनर्भरण, पर्यटन प्रवर्द्धन, लघु जलविद्युत समेत) लाई उच्च प्राथमिकतामा राखी प्रदेश गौरवको आयोजनाको रूपमा कार्यान्वयन गरिने छ।
- सौर्य ऊर्जाबाट संचालन हुने भूमिगत सिंचाई कार्यक्रमलाई नगदेवालीको प्रवर्द्धन गर्न किसान केन्द्रित कार्यक्रमको रूपमा आवश्यकता पहिचान गरी कार्यान्वयन गरिने छ।
- सतह सिंचाईमा पहुँच नभएका खेतीयोग्य जग्गाहरू तथा नगदेबाली सम्भाव्य क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा नविन प्रविधिमा आधारित सिंचाई कार्यक्रमहरु संचालन गरिनेछ।
- जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न "Ground Water Recharge to Discharge"अवधारणालाई नाराको रुपमा मूर्तरुप दिईभूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ। वर्षातकोपानी संकलन तथासंरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ। भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ।भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य(Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ।
- "व्यवस्थित जलाधार समृद्धिको आधार" भन्ने मर्म अनुरुप माथिल्लो तथा तल्लो तटीयक्षेत्र अन्तरसम्बन्धको आधारमा चुरे भू–परिधिको प्रभावकारी संरक्षण गर्न सरोकारवालासंगको समन्वय र सहकार्यमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन मार्फत जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका कार्यहरु गरिनेछ। प्रदेश भित्र रहेका नदीजन्य पदार्थ जस्तै बालुवा, गिट्टी सङ्कलन तथा उत्खननका साथै क्रसर उद्योग समतेलाई व्यवस्थित गर्न आवश्यक ऐन, कानून निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।
- सुख्खा ग्रस्त क्षेत्र घोषणा गरि आपतकालिन रुपमा वोरिङ्ग, डिप वोरिङ्ग, डिप टयुव वेल, स्यालो टयुववेल, सोलार पम्प सिंचाइ प्रविधी प्रयोग गरि सिंचाइ मांगलाई सम्बोधन गरिनेछ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८